चट्याङको समयमा सतर्क रहौं ।
चट्याङबाट बच्ने उपायः
- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार २८ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 July 13 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३१३

## महुवन माविमा चरम विवाद
## चार महीनादेखि दिवाखाजा बाँडिएन

प्रस, वीरगंज, २७ असार/

सखुवाप्रसौनी गाउँपालिका अन्तर्गत



तस्वीरः प्रतीक

राष्ट्रिय माध्यमिक विद्यालय महुवनमा शिक्षक तथा सरोकारवालाबीचको विवादका कारण चार महीनादेखि बालबालिकाहरू दिवाखाजाबाट वञ्चित छन् ।

शिक्षकहरूको आपसी द्वन्द्वका कारण कक्षा १ देखि ६ सम्ममा चार सय बालबालिका दिवाखाजाबाट वञ्चित भएका अभिभावकहरूले बताएका छन् ।

दिवाखाजाको रकम दुरुपयोग हुँदै आएको अभिभावकहरूले आरोप लगाएका छन् । दिवाखाजा नपाउँदा कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरू टिफिनपछि विद्यालय नआउने गरेका बताइएको छ ।

बुधवार ११ बजे सो विद्यालयमा पुग्दा चार सय विद्यार्थीमध्ये २०-२५ जना विद्यार्थी मात्र देखिएका थिए । कुनै बेला नाम कमाएको सो विद्यालयको हालको अवस्थामा सरोकारवाला चिन्तित छन् । राजनीतिको शिकार भएको विद्यालयमा शिक्षकहरूबीचको द्वन्द्वका कारण विद्यालयको यस्तो हबिगत भएको अभिभावकहरूले बताएका छन् ।

शिक्षकहरू मन लागे आउने, कक्षाकोठामा पढाउन ध्यान नदिने, राजनीतिक गफ चुटेर समय बिताउने गरेका एकजना विद्यार्थीले बताए ।

शिक्षकहरूको द्वन्द्वको मुख्य कारण सो विद्यालयमा तीनजना प्रधानाध्यापक रहनु बुझिएको छ ।

२०७६ सालमा भरत गिरी प्रअ बनेपछि विद्यालय सही ढङ्गले सञ्चालनमा रहेको शिक्षकहरू बताउँछन् । गत स्थानीय चुनावपछि गापाध्यक्ष यशवन्त यादवले प्रअ गिरीलाई श्रीपुर पंचगावाँ माविमा सरुवा गरी रामनरेश यादवलाई निमित्त प्रअ बनाएपछि विवाद उत्पन्न भएको हो ।

एक पक्षले विद्यार्थीहरूलाई उचालेर तालाबन्दी गराउने, तोडफोड गराउने गरेको अभिभावकहरूको आरोप छ ।




सो विद्यालयमा शिक्षकसरह विद्यार्थीहरू पनि दुई गुटमा विभाजित छन् ।

विवाद सुल्झाउन वडाध्यक्षले गिरीलाई फिता बोलाइ जेठ ८ गते प्रअको जिम्मेवारी दिएका थिए । वडाध्यक्षको सो निर्णयपछि गापाध्यक्ष यादवले पोखरिया माविमा काम गर्दै आएका शिक्षक विनोद महतो थारूलाई बोलाइ प्रअको जिम्मेकारी दिएका छन् । हाल सो विद्यालयमा तीनजना प्रअ छन् । उनीहरूले छुट्टै आआफ्नो हाजिरी रजिस्टर घरबाट ल्याएर हाजिरी गर्ने गरेको शिक्षकहरूको आरोप छ ।

हाल सो विद्यालयका लेखापाललाई पाखा लगाइ प्रअद्वय रामनरेश यादव तथा विनोद मेहता थारूको नाममा बैंक खाता सञ्चालनमा छ । यसबारे बुझ्दा गापाध्यक्ष यादवले समस्या समाधान हुने बताएका छन् ।

**विद्यार्थीको पठनपाठन प्रभावित, अभिभावक चिन्तित**

विद्यालयमा विवादका कारण लामो समयदेखि विद्यालयमा सञ्चालन हुँदै आएको विशेष शिक्षा प्रभावित भएको छ । नेपाल सरकारले लामो समयदेखि पर्साका केही पालिकामा विशेष शिक्षा लागू गरी रकम पठाउँदै आएको छ । विशेष शिक्षा अन्तर्गत सुस्त:मनस्थितिका बालिबालिकालाई सो विद्यालयमा भर्ना गरी आवासीय शिक्षा दिने गरिन्छ ।

विद्यार्थीहरूको खाना, कपडालगायत सबै खर्च नेपाल सरकारले दिँदै आएको छ । विवादका कारण नयाँ शैक्षिकसत्रदेखि घर गएका अपाङ्ग विद्यार्थीहरूलाई सो विद्यालयमा फिर्ता बोलाइएको छैन । फोकल पर्सन शिक्षक रामनरेश यादवले कक्षा सञ्चालन हुने कोठामा केही व्यक्तिले ताला लगाएका कारण उनीहरूलाई फिर्ता नबोलाइएको बताए । हाल सो कक्षाकोठामा लगाइएको ताला प्रहरीले खोलेर कक्षा सञ्चालन गर्न लगाएको छ । शिक्षक यादवको कमीकमजोरीका कारण अपाङ्गता भएका विद्यार्थीहरू पनि मारमा परेका स्थानीयहरूको भनाइ छ ।

## सखुवाप्रसौनीको स्काभेटर प्रहरी नियन्त्रणमा

प्रस, वीरगंज, २७ असार/

सखुवाप्रसौनी गाउँपालिकाको नाममा




तस्वीरः प्रतीक

दर्ता रहेको स्काभेटर निजी काममा प्रयोग गरिरहेको भन्दै स्थानीयले नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाएको छ ।

महुवन माविमा रहेको गिट्टी, बालुवा निजी कामको लागि लोड गरिरहेको बेला प्रहरीले नियन्त्रणमा लिई स्काभेटर प्रहरी चौकी महुवनमा लगेको थियो ।

ठेकेदारले आफ्नो उपकरण र जनशक्ति प्रयोग नगरी गापाको सम्पत्ति दुरुपयोग भइरहेको भन्दै स्थानीयले सो स्काभेटर नियन्त्रणमा लिएका थिए ।

सरकारी कामबाहेक निजी काममा प्रयोग गर्न नपाइने प्रावधान रहे पनि शुल्क तिरेर निजी काममा प्रयोग गर्न सकिने नियम सो गापाले बनाएको छ ।

स्थानीयले स्काभेटरलाई नियन्त्रणमा लिने बेला दस्तुर नतिरेर मौखिक आदेशमा निजी काम गरिरहेको आरोप लगाएका थिए ।

यस विषयमा इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक मोहन विक्रम केसीका अनुसार स्काभेटर प्रहरी नियन्त्रणमा रहेको बताउँदै नियमानुसार गापामा शुल्क बुझाएको पत्र लिएर आएपछि स्काभेटर छोडेको जानकारी दिए ।

## संयुक्त विद्यार्थी सङ्गठनद्वारा सिमरा र कलैयामा
## जारी स्नातक तह परीक्षा बहिष्कार गर्ने क्रम जारी

प्रस, वीरगंज, २७ असार/

ठाकुर राम बहुमुखी क्याम्पसमा




तस्वीरः प्रतीक

अध्ययनरत स्नातक तहका विद्यार्थीहरूले तेस्रो वर्षको परीक्षाको क्रममा रामराजा बहुमुखी क्याम्पस, कलैया र सिमरा कलेजमा भइरहेको परीक्षाको बहिष्कार कार्यलाई निरन्तरता दिएका छन् ।

स्नातक तहको परीक्षा ठाराब क्याम्पसमा हुनुपर्ने माग राख्दै आएका विद्यार्थीहरूको माग यस वर्ष पनि सम्बोधन भएको थिएन ।

त्रिविवि केन्द्रीय परीक्षा समितिले ठाराब क्याम्पसको आग्रहलाई नजरअन्दाज गरेको र कलैया तथा सिमरामा सेन्टर राखिएको अवस्थामा यस वर्ष परीक्षाको पहिलो दिन नै बिएड तेस्रो वर्षको परीक्षा दिएर फर्कने क्रममा पर्सा जिल्लाका ठाराब क्याम्पसमा अध्ययनरत विजय शर्माको नितनपुरमा मोटरसाइकल दुर्घटना भएर निधन भएको थियो ।

सोको विरोधमा पर्सा जिल्लाका संयुक्त विद्यार्थी सङ्गठनले विरोध गर्दै आएको छ र परीक्षा बहिष्कार गरेको छ । घटनाको दिन वीरगंजमा प्रदर्शन गरेको र घटनाको भोलिपल्ट यहाँका शैक्षिक संस्था बन्द गराएको संयुक्त विद्यार्थी सङ्गठनले हिजो र आज कलैया र सिमरामा परीक्षा बहिष्कार गरेको छ ।

परीक्षा बहिष्कारको क्रममा हिजो मङ्गलवार ८० जना परीक्षार्थी अनुपस्थित रहेका र आज सो सङ्ख्यामा वृद्धि भएको ठाराब क्याम्पस नेविसङ्घका पूर्व एकाइ अध्यक्ष मनोज साहले बताए । उनले हिजो संयुक्त विद्यार्थी सङ्गठनका सातजनालाई परीक्षा बहिष्कार गर्ने क्रममा इलाका प्रहरी कार्यालय, सिमराले पक्राउ गरी चार घण्टापछि रिहा गरेको तथा आज रामराजा बहुमुखी क्याम्पस, कलैयामा परीक्षा बहिष्कार गर्ने क्रममा सङ्गठनका दुईजनालाई जिल्ला प्रहरी कार्यालय, बाराले पक्राउ गरेको बताए ।

यसैबीच, ठाराब क्याम्पसका प्रमुख रञ्जीतप्रसाद यादवले आज विज्ञप्ति प्रकाशित गरेर केन्द्रीय परीक्षा समितिलगायत जिल्लास्तरका सबै निकायलाई वीरगंजमा नै ठाराब क्याम्पसको परीक्षा सञ्चालन गर्न दिगो र सुनिश्चित समाधानका लागि पहल गर्न अनुरोध गरेका छन् । उनले विद्यार्थीहरूको माग केन्द्रीय परीक्षा समितिलाई गम्भीरतापूर्वक लिन आग्रह गरेका छन् ।

क्याम्पस प्रमुख यादवले आफू क्याम्पस प्रमुख हुनुअगावै ठाराब क्याम्पसको परीक्षा बाहिरी जिल्लामा हुँदै आएको र होम सेन्टरका लागि आफूले पटक-पटक प्रयास गर्दै आएको बताए । उनले ठाराब क्याम्पसको परीक्षाको लागि वीरगंजमा रहेका कुनै पनि निजी तथा सामुदायिक क्याम्पसले जिम्मेवारी नलिएको र ठाराब क्याम्पसले नै होम सेन्टरमा परीक्षा लिन तत्परता देखाउँदा पनि केन्द्रीय परीक्षा समितिले बेवास्ता गरेको बताए ।

स्नातक तहको परीक्षा कलैया र सिमरामा भइरहे पनि स्नातकोत्तर तह अन्तर्गतका एमबिएस, एमएड र एमएस सोसलोजीको परीक्षा भने ठाराब क्याम्पसमा भइरहेको छ ।

## गादीमाई साझेदारी वन व्यवस्थापन समूहको निर्वाचन सम्पन्न



तस्वीरः प्रतीक

ओमप्रकाश चौधरी, सेढवा, २७ असार/

पर्साको डिभिजन वन कार्यालय मातहत रहेको गादीमाई साझेदारी वन व्यवस्थापन समूहको प्रथम साधारणसभा अन्तर्गत बुधवार निर्वाचन सम्पन्न भएको छ ।

कुल २५९ मतदाता रहेको समूहको निर्वाचन अपराह्न साढे तीन बजे सम्पन्न भएको थियो । प्रमुख निर्वाचन अधिकृत एवं बार एशोसिएशन, पर्साका एकाइ अध्यक्ष कमलमोहन पोखरेलका अनुसार मध्याह्न सवा १२ बजेदेखि साढे तीन बजेसम्म चलेको मतदानमा २५२ जनाले मतदान गरेका थिए ।

गादीमाई साझेदारी वन व्यवस्थापन समूहको अध्यक्ष पदमा सोहरूम राउत गद्दी विजयी भएका छन् । सबडिभिजन



तस्वीरः प्रतीक

वन कार्यालय, वसन्तपुरमा भएको प्रथम साधारणसभाबाट गद्दी अध्यक्ष पदमा १२६ मत प्राप्त गरी १७ मतान्तरले विजयी भएका छन् । अन्य पदहरूमा पनि गद्दीकै प्यानल विजयी भएका छन् । प्रतिद्वन्द्वी कृष्णमोहनप्रसाद यादवले १०६ मत प्राप्त गरे ।

अन्य पदहरूमा पनि गद्दीकै प्यानल विजयी भएका छन् । गद्दी प्यानलका सदस्यहरूमा उमादेवी दुसाद, ज्यन्तीदेवी थरुनी, इन्दिरादेवी चाई, सुवास महतो चाई, वासुदेव तिवारी, जीतेन्द्रकुमार वर्मा, राजबली बैठा धोबी, शत्रुध्न ओझैया थारू, रामचन्द्र गौरो, अब्दुलकयाम अन्सारी, तबरेज अलि शाह, सञ्जयप्रसाद खवास रहेका छन् ।

निर्वाचनमा २५७ मतदातामध्ये २५२ मत खसेको थियो । निर्वाचनमा १७ वटा मत बदर भएको थियो ।

**विचारसार एवं सूक्तिहरू**

**'बेकार नबस' यो यस्तो सबक हो, जसले मानिसलाई अल्छी बन्न दिँदैन । अल्छी बन्नु मनलाई चञ्चल बनाउनु हो र काम गर्नु मनलाई एकाग्र बनाउने साधन हो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# साझा अधिकार

**मधेस प्रादेशिक राजधानी जनकपुरधाममा हालै सम्पन्न प्रदेशका मुख्य न्यायाधिवक्ताहरूको राष्ट्रिय सम्मेलनले नौ बुँदे घोषणापत्र जारी गरेको छ । जारी घोषणापत्रको महत्त्वपूर्ण बुँदामा मुलुकको संविधानले दिएका तीन तहका सरकारको साझा अधिकारलाई तत्काल परिभाषित गरी सीमा स्पष्ट पार्न माग गरिएको छ । कानूनी प्रावधानहरूको कार्यान्वयनका लागि नियमावलीलगायत आवश्यक कानूनहरू तत्काल निर्माण गर्न पनि राष्ट्रिय सम्मेलनले जोड दिएको छ । मुलुक लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेर तीन तहको सरकार स्थापना भएपछि सबैभन्दा धेरै विवाद सरकारहरूको क्षेत्राधिकारमा देखिएका छन् । साझा अधिकारबारे कानून बनाउने जिम्मेवारी सङ्घको हो । नेपालको संविधानमा रहेका साझा अधिकारका सूचीमा रहेका अधिकार क्षेत्रको जिम्मेवारी नतोक्दा कार्यान्वयनमा समस्या देखिएको छ । सङ्घीय सरकारले साझा अधिकारका सूचीमा रहेका अधिकार क्षेत्रको जिम्मेवारी तोकेर त्यही अनुसारको कानून नबनाउँदा समस्यामा परेको हो ।**

**सर्लाही, महोत्तरी र रौतहटका १३ हजार पाँच सय हेक्टर क्षेत्रफलमा फैलिएको सागरनाथ वन परियोजनालाई सङ्घीय सरकारको मन्त्रिपरिषद् बैठकले आफू मातहत ल्याउने निर्णय गरेपछि मधेस प्रदेश सरकार सर्वोच्चमा पुग्यो । प्रदेशभित्र पर्ने राष्ट्रिय वन प्रदेश मातहत हुने तथा सोको संरक्षण र व्यवस्थापन प्रदेशले नै गर्ने भन्ने व्यवस्था र क्षेत्राधिकार संविधानको अनुसूची ६ मा छ । लुम्बिनी प्रदेशका बाँके र बर्दियामा बाह्रैमास सिंचाइ सुविधा पुऱ्याउने र सोही योजनाबाट ४६.८ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित सङ्घ सरकारले राष्ट्रिय गौरवको भेरी–बबई डाइभर्सन आयोजना निर्माण शुरू गऱ्यो, तर कर्णाली प्रदेश सरकारले आफ्नो क्षेत्र भएर बग्ने भेरीको पानीमा हकदाबी गऱ्यो । सुरुङको प्रवेशद्वार र निकास दुवै पर्ने सुर्खेतको भेरीगङ्गा नगरपालिकाले पनि आयोजनाको लाभमा अधिकार पाउनुपर्ने दाबी गऱ्यो । यो त आयोजना निर्माणमा साझा अधिकार र विवादको उदाहरण मात्रै हो । सङ्घीय सरकारले प्रदेश र स्थानीय तहमा समायोजन गरेका कर्मचारी आफूखुशी सरुवा गरेपछि मधेस प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबू राउत गद्दी ३० भदौ २०७७ मा सर्वोच्च अदालत पुगे । त्यसैगरी, फौजदारी अधिकार, प्रहरी भर्ना, सिंचाइ, वनलगायतमा संवैधानिक अधिकार तथा स्वामित्वबारे तहगत सरकारबीच विवाद छ ।**

**संविधान राज्यको मूल कानून हो । राज्य शक्तिको बाँडफाँड गर्ने दस्तावेज हो । यो राज्य सञ्चालनकर्ताको लागि मागदर्शन कानून हो । संविधानमा उल्लिखित व्यवस्थाहरू कार्यान्वयनका लागि विभिन्न ऐन, कानून, नियमावली, विनियमहरू बनाइनुपर्छ । यसमा सङ्घ, प्रदेश र स्थानीय सरकारले आआफ्नो संवैधानिक अधिकार प्रयोग गरी कम्तीमा आफ्नोतर्फको जिम्मेवारी पूरा गर्न सक्नुपर्छ । संविधान अनुसार साझा अधिकार कार्यान्वयनका सीमाहरू प्रस्ट नपारिंदा माहोल अन्योलपूर्ण छ । यसले धमिलो पानीमा खेल्ने प्रवृत्तिलाई भने प्रत्यक्षरूपमा [redacted] तोकिएका अधिकारबारे विवाद [redacted] गर्ने सवालमा अन्योलता नआओस् [redacted] जनप्रतिनिधिहरूलाई चासो हुनुपर्ने [redacted]हरूभन्दा प्रदेशका न्यायाधिवक्ताहरू [redacted] माग जायज छ । यही बहानामा [redacted] सरकारले चासो देखाओस् ।**

# वीरगंजेली शिक्षाप्रति आकर्षणमा भाषाको प्रभाव

आदिकवि भानुभक्तको जन्मजयन्ती नजीकिएको छ । भानुभक्तलाई नेपाली भाषाको एकीकरणकर्ताको रूपमा पनि मानिन्छ । यहाँ भानुभक्त आचार्यको व्यक्तित्व र कृतित्वबारे चर्चा नगरिए पनि वीरगंजको शिक्षामा भाषाको प्रभावबारे विश्लेषण गर्न खोजिएकोले आदिकविको सम्झना हुनु स्वाभाविक भएको हो ।

करीब एक दशक पहिलेसम्म वीरगंज शिक्षाको केन्द्र मानिन्थ्यो । गत दश वर्षमा वीरगंजेली शिक्षाप्रति बाह्याकर्षण कम भएको छ । पहिले रौतहट र सर्लाहीका विद्यार्थी शिक्षा लिन सोझै वीरगंज जाने मनोविज्ञान बनाउँथे, आजभोलि यो मनोविज्ञान विस्थापित भएको छ । आजभोलि एसइईपछि पहिलो रोजाइमा भरतपुर, दोस्रोमा काठमाडौं र तेस्रोमा हेटौंडा पर्न थालेको छ । विद्यालय तहको एसइईसम्म आफ्नो जिल्लाबाहेक अन्यत्र पढाउन चाहनेको पहिलो रोजाइ भने हेटौंडा नै हो । कुनै व्यक्तिगत लगाव नभए सन्तानलाई बाहिर राखेर पढाउन चाहने सक्षम अभिभावकले सामान्यतया हेटौंडा नै रोज्छ । जबकि एक दशक पहिलेसम्म पहिलो रोजाइ वीरगंज थियो ।

यसबीच देश प्रदेशगत संरचनामा गयो । मधेस प्रदेशको राजधानीको पक्षमा वीरगंजले खासै चासो देखाएन । प्रथम मुख्यमन्त्री पाएपछि आर्थिक राजधानी वीरगंजले आफ्नो शैक्षिक चमक कायम राख्न खासै पहल गरेन । यसको अर्थ यो होइन कि रौतहट र सर्लाहीका विद्यार्थीको रोजाइको केन्द्रबिन्दु जनकपुर भयो तर वीरगंजले अझ प्रयास गरेको भए आफ्नो शैक्षिक आकर्षणको विरासत कायम राख्न सक्थ्यो । सम्पूर्ण त होइन, तर वीरगंजमा प्रदेशको राजधानी नहुनु पनि एउटा फ्याक्टर हुनुपर्छ ।

वीरगंज शिक्षाका दुई क्षेत्र शिक्षा र वाणिज्यका लागि प्रसिद्ध थियो । धेरै हदसम्म अझै पनि छ । शिक्षाशास्त्रमा इन्टर र ब्याचलर गर्न रौतहट र सर्लाहीका विद्यार्थी त पुग्थे नै । महोत्तरी, धनुषा, सिराहा र सप्तरीसम्मका विद्यार्थी पुग्थे । बारा र पर्साको नपुग्ने त प्रश्नै उठ्दैनथ्यो । यसैगरी वाणिज्यशास्त्र सङ्कायमा पनि विभिन्न जिल्लाका विद्यार्थी पुग्थे । विद्यार्थीको हब हुन्थ्यो वीरगंज । वीरगंजको फलानो क्याम्पसमा यो विषय लिएर पढ्छु भन्ने गर्व गरिन्थ्यो पहिले । अझै पनि पहिले पढेका विद्यार्थीहरू आफूमाथि गर्व गर्छन् । विभिन्न पेशा र व्यवसायमा रहेका पूर्व विद्यार्थीहरूले भने तत्कालीन परिवेशमा रहेको वीरगंजेली शिक्षाको गुणगान हृदयदेखि नै गर्दछन् । वीरगंजेली शिक्षाका विशेषताहरू बखान गर्दछन् । पहिले पढेका धेरै विद्यार्थीहरू विभिन्न कारणले त्यहींका बासिन्दा बन्न पुगेका छन् । शिक्षार्जन गर्न गएका धेरै शिक्षितहरू वीरगंजेली बनेका छन् । यसले पनि केही हदसम्म वीरगंजको विकास र विस्तारमा योगदान पुगेको छ । वीरगंजको शिक्षाप्रति पहिले जुन आकर्षण थियो, त्यो कायम रहिरहेको भए शिक्षाका साथै अन्य क्षेत्रमा पनि थप योगदान हुन सक्ने थियो तर पहिले वीरगंज पुग्ने विद्यार्थीहरू अन्यत्र गइरहेका छन् । पहिलेका शिक्षालयहरू छँदाछँदै र अझ राम्रा शिक्षालयहरू थपिंदा पनि किन आकर्षण कायम रहन वा थप आकर्षण हुन सकेन त ? यसबारे वीरगंजले छलफल गर्नु जरूरी छ ।

वीरगंजेली शिक्षाबाट दीक्षित अभिभावकहरूमा वर्तमान वीरगंजेली

**स्वतन्त्र विचार**



**सञ्जय साह मित्र**

mitrasanjay41@gmail.com

**वीरगंजको शिक्षालाई राम्रो र स्तरीय नै मानिन्छ तर परिश्रम गर्ने वा गर्दै नगर्नेले परीक्षामा समान अङ्क ल्याउँछन्, परीक्षालाई नै सर्वोपरि भन्ठानेर गतिविधिहरू केन्द्रित हुन्छन् तब पढ्न चाहनेहरू हतोत्साहित हुन्छन् । बाहिरबाट देखिएको तथा सुनिएका कुराहरू यस्तै छन् ।**

शिक्षाप्रति असन्तुष्टि देखिएको छ । यसै असन्तुष्टिको सम्बोधन हुने ठाउँमा अभिभावकहरूले आफ्ना सन्तानलाई पढ्न पठाइरहेका छन् । सबैभन्दा ठूलो असन्तुष्टि परीक्षाको रहेको छ । परीक्षामा रहेको कमजोरीका कारण परीक्षार्थी पास हुने, राम्रो डिभिजन आउने तर प्रतिस्पर्धात्मक क्षमता कम हुने गुनासो रहेको छ । प्रतिस्पर्धी क्षमता कम हुँदा निस्सन्देह बेरोजगारीहरू बढ्छन् । वीरगंजबाट जो शिक्षित अभिभावकहरू छन्, सबैभन्दा बढी तिनै अन्यत्र पढ्न पठाउँछन् आफ्ना सन्तानलाई । अहिलेको युग प्रतिस्पर्धाको युग भएको छ । प्रमाणपत्रले मात्र काम चल्ने अवस्था छैन । शैक्षिक बेरोजगारी बनाउनुभन्दा राम्रो प्रतिस्पर्धा हुने ठाउँमा पढ्न पठाउने प्रवृत्ति बढेको छ । भरतपुरबाट आफ्नो क्याम्पसको प्रचारमा आएका एकजना प्रमुखले भनेको कुरा यहाँ स्मरणीय छ – हाम्रो संस्थामा करीब पचहत्तर प्रतिशत विद्यार्थी रौतहटकै छन् । कुनै बेला रौतहट र सर्लाहीका विद्यार्थी करीब यस्तै प्रतिशतमा वीरगंजमा हुने गरेका थिए । जहाँबाट प्रमाणपत्रमा भन्दा व्यवहारमा राम्रो नतीजा आउँछ पढाइमा त्यत्तै आकर्षण हुनु अस्वाभाविक होइन ।

असन्तुष्टिको अर्को कारण हो, समाजमा शिक्षाको वातावरण बिस्तारै कम हुनु । विद्यार्थी जहाँ बस्छन्, त्यहाँको वातावरण शैक्षिक हुनुपर्ने र शिक्षाको सम्मानको वातावरण हुनु अनिवार्य छ । शिक्षाको क्षेत्रमा काम गर्नेको लागि वातावरण पनि त्यस अनुरूप हुनुपर्ने हो । वीरगंज पुगेका अधिकांश शिक्षित मानिसको विचारमा वीरगंज नितान्त आर्थिक राजधानी हो । कुनै जमानामा यो शैक्षिक राजधानी पनि बन्न थालेको थियो तर शिक्षामाथि लक्ष्मी हावी भएको अनुभूति हुन्छ । हो, सरस्वतीको आराधनाभन्दा लक्ष्मीको आराधना धेरै हुने समाजको रूपमा चित्रण हुन थालेको छ । यसको दृष्टान्तको रूपमा यो पनि लिइन्छ कि वीरगंजको शैक्षिक धरोहरको रूपमा रहेको मुख्य ऐतिहासिक शैक्षिक संस्थाप्रति निरन्तर असन्तुष्टि रहनु । कहिले तालाबन्दी त कहिले तोडफोड, कहिले के त, कहिले कुन बहानामा विद्यार्थीको पठनपाठनलाई कमजोर बनाउने काम निरन्तर भइरहनु । विद्यार्थीले जहाँ पढ्ने मौका पाउँदैनन्, जहाँ शिक्षाको नाममा राजनीति भइरहन्छ, जहाँ शिक्षाभन्दा बढी कुन किसिमको जोड र कुन किसिमको घटाउले फाइदा हुन्छ, सम्बन्धित पक्षको ध्यान त्यहाँ जान्छ भने निस्सन्देह शिक्षार्जन गर्न जानेको मन कुँडिन्छ । मन नै अमिलो हुन थालेपछि विकल्प खोज्नु स्वाभाविक हो । यही स्वाभाविकताले पनि हुनुपर्छ, वीरगंज अहिले शिक्षाको लागि खासै रोजाइमा पर्न सकेको छैन । विद्यार्थीले जसको घरमा डेरा लिएको हुन्छ, जुन टोलमा बसाइ हुन्छ, त्यो घर र टोलमा शिक्षा वा प्रज्ञा वा उच्च ज्ञानको भोक बढाउने वातावरण हुनुभन्दा आर्थिक वा अन्य वातावरण हुँदा शिक्षार्जनको कर्ममा जुट्नेलाई अलिकति फरक अनुभूति हुने हुन्छ ।

अलिकति सवाल भाषाको पनि रहेको छ । नेपालमा पछिल्ला दुई राष्ट्रिय जनगणना २०६८ र २०७८ ले रौतहट र सर्लाहीको प्रमुख मातृभाषा बज्जिका रहेको देखाएका छन् । वीरगंजको मूल भाषा भोजपुरी हो । जहाँ शिक्षालयमा बज्जिका मातृभाषीको बाहुल्य हुन्छ, त्यहाँ केही रैथानेहरूले शिक्षाको आधारमा होइन, मातृभाषाको आधारमा अपहेलना गर्ने गरेको अनुभूति सुनाउँछन् । कतिपय नेपाली राम्रोसित बोल्न आउँदैन, कतिपय भोजपुरी बोल्न आउँदैन भनेर हेप्ने गरेको अनुभूति धेरै विद्यार्थीबाट सुनिन्छ । अनि, हेपिएर होचो महसूस हुने ठाउँमा कोही स्वाभिमानी बसिरहन रुचाउँछ र ? हरेक मानिसलाई आफ्नोपन प्रिय हुन्छ । हो, भाषाप्रति सचेत नभएकालाई भने यस्ता कुरा थाहा हुँदैन तर जो शिक्षार्जन गर्न गएका छन्, तिनले चेतना पनि पाउँछन् । शिक्षाले प्रमाणपत्र र चेतनाले विवेक दिने हो । प्रमाणपत्र त परीक्षाको तरीकाले पाउने हो, चेतना र विवेकको प्रमाणपत्र पाइँदैन । सचेत नागरिकले आफूलाई हेपेको कुरो पछिसम्म सम्झिरहन्छन् । अनि हेपिने ठाउँमा जान मन पराउँदैनन्, अभिभावकले पनि पठाउन मन पराउँदैनन् । वीरगंजमा पढेर आएकाहरूले नै वीरगंज पढ्न पठाउने वा नपठाउने भन्ने प्रचार समाजमा गर्दछन्, गरेका छन् । र वीरगंजभन्दा बाहिर भरतपुर वा हेटौंडा वा काठमाडौं जहाँसुकैको मानिस गए पनि भाषाको सन्दर्भमा समेत हुने भोगाइ उही हो । उदाहरणको लागि बज्जिका मातृभाषीलाई वीरगंजले बोल्न नजानेको भन्न सक्छ तर यदि वीरगंज र सर्लाहीका विद्यार्थी भरतपुरमा छन् भने त्यहाँका स्थानीयले दुवैलाई हेर्ने दृष्टिकोण समान हुन्छ । अनि जहाँ समानता हुन्छ, त्यहाँ आकर्षण स्वाभाविक हो । भाषाको सन्दर्भमा, वीरगंजभन्दा हेटौंडा र भरतपुर निकै समावेशी छ, उदार छ । अर्काको अस्तित्वलाई सम्मान गर्दछन् । यस पङ्क्तिकारले देखेको सत्य के हो भने क्याम्पस पढाउने, आफूलाई प्राध्यापक भन्न रुचाउने, अति उच्च शिक्षित र विद्वान् बताउन अलिकति पनि नहच्किने वीरगंजका केही अध्यापकहरूको मनोविज्ञान नै बज्जिका मातृभाषीलाई हेय दृष्टिकोणले हेर्ने रहेको छ । भाषाको सवाल आउँदा होच्याएर बोल्ने, दबाब दिने (दपेट्ने) र मौका देखेर नकारात्मक उदाहरण दिइहाल्ने प्रवृत्ति अझै पनि छ । बज्जिका भाषामा प्रचलित कतिपय शब्दको भाव नबुझी हेप्ने गरेको यथार्थ अद्यपर्यन्त रहेकै छ । गैरभोजपुरी मातृभाषीप्रति सम्मान र समान हुन नसक्नु तथा यस्ता विद्यार्थीलाई बलजफ्ती तिम्रो भाषा भोजपुरी नै हो भनेर लाद्न खोज्ने प्रवृत्ति अझै हटिइसकेको छैन । पहिलेदेखि नै यो प्रवृत्तिले निरन्तरता पाइरहेको छ । तर, सर्लाही र रौतहटमा मातृभाषा बज्जिकाप्रतिको चेतनामा ठूलो परिवर्तन आइसकेको छ । पछिल्लो जनगणनाको अन्तिम परिणामले यी दुई जिल्लामा बज्जिका मातृभाषी ११ लाखभन्दा बढी रहेको तथ्याङ्क छ । बज्जिका मातृभाषा नै होइन भन्ने वीरगंजका विद्वान्हरूलाई जानकारीका लागि यी दुई कुरा पनि महत्त्वपूर्ण छन् : एक, वर्तमान मधेस प्रदेशसभामा मातृभाषामा शपथ लिने सांसदहरूको सङ्ख्याको आधारमा सबैभन्दा ठूलो मातृभाषा बज्जिका हो र दुई, राष्ट्रिय जनगणना २०७८ को आधारमा मधेस प्रदेशमा बज्जिकाभन्दा भोजपुरी करीब २२ हजारले मात्र बढी छ । उसो त भाषा आयोगले मधेस प्रदेशको सरकारी कामकाजको लागि नेपाली सँगसँगै मैथिली, भोजपुरी र बज्जिकालाई प्रादेशिक भाषाको रूपमा सिफारिश गरिसकेको छ । तथ्यहरू जानेर वा नजानेर पनि पढ्न गएका विद्यार्थीलाई भाषाको सन्दर्भमा अनावश्यक प्रभावित गर्ने प्रयासले गर्दासमेत वीरगंजेली शिक्षाप्रति रौतहट र सर्लाहीका विद्यार्थीको आकर्षण कम हुन गएको हो ।

वीरगंजका धेरै शिक्षालयका प्रमुखहरू टोलीसहित विद्यार्थीका लागि वा प्रचार गर्न रौतहट पुगिरहेका छन् । अहिलेको समय प्रचारको युग हो । कतिपय अवस्थामा राम्रो कुरा पनि प्रचारको अभावमा दुनियाँलाई जानकारी नहुन सक्छ र प्रचार पाएर सामान्य कुरो पनि विशेष बन्न सक्छ । वीरगंजेली शिक्षाप्रति अहिले पनि बाहिरबाट खासै प्रश्न उठाउने गरिएको पाइन्न । वीरगंजको शिक्षालाई राम्रो र स्तरीय नै मानिन्छ तर परिश्रम गर्ने वा गर्दै नगर्नेले परीक्षामा समान अङ्क ल्याउँछन्, परीक्षालाई नै सर्वोपरि भन्ठानेर गतिविधिहरू केन्द्रित हुन्छन् तब पढ्न चाहनेहरू हतोत्साहित हुन्छन् । बाहिरबाट देखिएको तथा सुनिएका कुराहरू यस्तै छन् । वीरगंजको शिक्षाप्रति अझै पनि बाहिर निकै सम्मान छ, गर्व छ । तर वर्तमानमा वीरगंजेली शिक्षाले आफ्नो गौरवपूर्ण ऐतिहासिक विरासत कायम राख्नुपरेको छ । शैक्षिक परम्परामा बाह्याकर्षणलाई विश्वसनीय बनाइराख्न खप्न सक्ने प्रतिस्पर्धात्मक जनशक्ति उत्पादनमा केन्द्रित हुनुपरेको छ । र, भाषाको सन्दर्भमा पनि भरतपुर, हेटौंडा तथा काठमाडौंको जस्तो सबै मातृभाषीलाई समान सम्मान दिनुपरेको छ । सबैको गौरव र गरिमा बढाउने किसिमले आत्मसम्मान र स्वाभिमानको व्यवहार पनि दिनुपरेको छ ।

## पाठक प्रतिक्रिया

श्रीमान् प्रधानसम्पादकज्यू,

केही दिनअघि प्रतीक दैनिकमा प्रकाशित भएका निम्नलिखित समाचारहरूका सम्बन्धमा मेरो मनमा लागेका केही कुराहरू यो पत्रद्वारा प्रस्ट पार्न चाहन्छु ।

समाचार सङ्ख्या १: पिता परमेश्वरको नाममा पर्सामा अन्धविश्वासको लाइन, प्रकाशन मिति २०८०/०३/२०

सम्पादकीय : अन्धविश्वास, प्रकाशन मिति २०८०/०३/२१

समाचार सङ्ख्या २: पिता परमेश्वरको शिविरमा उपचार गराएका शिवनाथ अस्पताल भर्ना, प्रकाशन मिति २०८०/०३/२६

सर्वप्रथम प्रधानसम्पादक र सम्पादकप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु किनभने अन्धविश्वासको विषयमा सम्पादकीयमा पर्याप्त विवरण दिंदै यस देशमा सर्वसाधारणलाई कसरी विगतमा विभिन्न व्यक्तिहरूले ठग्दै आएका छन् र अहिले पनि ठग्ने क्रम जारी छ, यो दुःखद अवस्थाको प्रभावकारीरूपमा विवेचना गरिएको छ ।

सम्पादकीयमा क्रिस्चियन शब्द उपयोग गरिएको छैन, यसको लागि म थप आभार व्यक्त गर्न चाहन्छु ।

मानिस स्वभावैले अन्धविश्वासी हुन्छ र यो स्वाभाविक मानसिक दुर्बलताको अनुचित लाभ विभिन्न व्यक्ति र संस्थाले उठाउने गरेका छन् ।

वास्तविकता के हो भने सम्पूर्ण मानव मात्रको पापको मूल्य चुकाउन बाइबलमा उल्लेख भए अनुसार परमेश्वरको महान् प्रेम र योजनाअनुरूप आजभन्दा दुई हजार वर्षअघि प्रभु येशु ख्रिस्ट मानिसकै रूपमा यस संसारमा जन्मिनुभयो र क्रूसको मृत्युमा आफूलाई अर्पण गर्नुभयो । तेस्रो दिनमा पुनः जीवित हुनुभयो र वर्तमानमा प्रभुहरूका महाप्रभु र राजाहरूका महाराजाको रूपमा स्वर्गमा परमेश्वरको दाहिने बाहुलीमा विराजमान् हुनुहुन्छ ।

आफ्नो सेवकाईको समयमा प्रभु येशुले परमेश्वरको राज्यको सम्बन्धमा शिक्षा दिनु भएको, रोगी बिमारीलाई चंगाई दिनु भएको र भूतात्मा बाट ग्रसित व्यक्तिहरूलाई पनि छुटकारा दिनु

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# धनुषाको कमला नदीले गर्न सक्ने क्षति र तटबन्धबारे अनुगमन

जनकपुरधाम, २७ असार/रासस

जिल्ला विपद् व्यवस्थापन समिति धनुषाका पदाधिकारीलगायत सरोकारवालाको टोलीले वर्षायाममा कमला नदीले गर्न सक्ने क्षति र नदी नियन्त्रणका लागि गरिएको तटबन्धबारे स्थलगत अनुगमन गरेको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहाल नेतृत्वको टोलीले वर्षायाममा हुन सक्ने जोखिम र कमला नदी नियन्त्रण आयोजनाले त्यसको रोकथामका लागि धनुषातर्फ विभिन्न स्थानमा निर्माण गरेको तटबन्धबारे स्थलगत अनुगमन गरी आवश्यक जानकारी लिएको हो।

प्रजिअ दाहालले कमला नदीमा आउने बाढीले बर्सेनि पुऱ्याइरहेको क्षति तथा आगामी दिनमा हुन सक्ने समस्याको पूर्वआकलन गरी आवश्यक तयारी र सतर्कताका लागि सरोकारवालासहितको टोलीले प्रभावित क्षेत्रको अनुगमन गरेको जानकारी दिए।

उनले त्यसक्रममा कमला नदी नियन्त्रण आयोजना धनुषा र भारतीय पक्षबाट भएको तटबन्धका बारेमा पनि जानकारी लिएको बताए। "कमला नदीमा आउने बाढीले बर्सेनि आसपासका क्षेत्रमा कटान तथा डुबान हुने गरेको छ। यसपालि पनि वर्षायाममा हुने जोखिमको आकलन, विपद्को अवस्थामा उद्धारका लागि गर्न सकिने रणनीतिक तयारीका बारेमा जानकारी लिन सुरक्षा निकायका प्रमुख तथा जनप्रतिनिधिसहित अनुगमन गरेका छौं," दाहालले भने, "धनुषामा सबैभन्दा ठूलो नदीका रूपमा रहेको कमलामा बाँधिएको बाँधको अवस्था तथा जोखिमपूर्ण स्थानको आकलन गरी आगामी रणनीति बनाउनेछौं। जसले जोखिमका बेला गर्न सकिने उद्धारका विषयमा पनि हामीलाई सहज हुनेछ।"

त्यसैगरी, जिल्ला समन्वय समिति धनुषाका संयोजक राजनन्दन मण्डलले कमला नदीको बहावका कारण हुने कटान तथा डुबानको जोखिमका विषयमा आवश्यक जानकारी लिइएको र यसले सुरक्षाका लागि थप योजना बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे। "विपद् भइसकेपछि आउनुभन्दाअघि नै अनुगमन गर्दा जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय र सरोकारवालालाई समस्याको प्रतिकार्य योजना बनाउन सहयोग पुग्नेछ," मण्डलले भने।

त्यसक्रममा नेपाल-भारतको सिमानामा रहेको जनकनन्दनी गाउँपालिका-१ इनर्वासँगै भारततर्फको भागमा नेपाल पक्षको आग्रहमा भारत सरकारले निर्माण गरेको तटबन्ध र कमला नगरपालिका क्षेत्रमा पर्ने लक्कड, हथमुण्डा, सबैला नगरपालिकामा रहेको पर्टेवा, हरिने, किरतपुर र गणेशमान चारनाथ नगरपालिका क्षेत्रका विभिन्न स्थानमा कमला नदी नियन्त्रण आयोजनाले बनाएको तटबन्धको अनुगमन गरिएको थियो।

त्यस अवसरमा जनकनन्दनी गाउँपालिकाका उपाध्यक्ष कमला

(बाँकी अन्तिम पातामा)

# राजकीय सम्मानमा साथ दाहालको अन्त्येष्टि

काठमाडौं, २७ असार/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'की पत्नी सीता दाहालको राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ।

मन्त्रिपरिषद्को बुधवारको बैठकले राजकीय सम्मानस्वरूप नेपाली सेनाको दुई सेनामुख, स्कर्टपति सहसेनानीको एक टुकडीद्वारा सलामी दिने व्यवस्था मिलाउने निर्णय गरेको थियो। उनको पार्थिव शरीरमा नेपालको झन्डा ओढाएर अन्तिम श्रद्धाञ्जलि दिइएको थियो।

प्रधानमन्त्री प्रचण्डले सीताको पार्थिव शरीरमा दागबत्ती दिएका थिए। प्रधानमन्त्रीको साथमा उनका छोरीहरू रेणु र गङ्गा दाहालले पनि सीताको पार्थिव शरीरमा दागबत्ती दिएका थिए।

आज बिहान निधन भएकी सीतालाई पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडाबाट शवयात्राका साथ पशुपति आर्यघाट पुऱ्याइएको थियो। पशुपति आर्यघाटमा पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा,



तस्वीरः रासस

माधवकुमार नेपाललगायत शीर्ष नेताहरूको सहभागिता थियो।

त्यस्तै, आर्यघाटमा मन्त्रीगण, सरकारी अधिकारी, नेकपा (माओवादी केन्द्र)का नेता तथा कार्यकर्ता र शुभेच्छुकहरूको बाक्लो सहभागिता थियो।

# एक लाख घूससहित लेखा अधिकृत पक्राउ

लहान, २७ असार/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिराहास्थित सडक डिभिजन कार्यालय, लहानका लेखा अधिकृत पद्मविनोद पोखरेललाई रु एक लाख घूस रकमसहित पक्राउ गरेको छ।

अख्तियारको बर्दिवास कार्यालयबाट खटिएको टोलीले मङ्गलवार साँझ कार्यालयमा छापा मारी पोखरेललाई घूस लिइरहेको अवस्थामा नियन्त्रणमा लिएको आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए। सडक निर्माणको अन्तिम बिल भुक्तानी दिने प्रयोजनका लागि उनले घूस मागेको पाइएको छ।

पोखरेल भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सडक विभाग सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय दमक अन्तर्गत सडक डिभिजन लहानका लेखा अधिकृत हुन्। अख्तियारले उनीविरुद्ध अनुसन्धान अघि बढाएको छ।

# छात्रवृत्तिका लागि जापानद्वारा साढे ३८ करोड अनुदान

काठमाडौं, २७ असार/रासस

नेपाल सरकार र जापान सरकारबीच मानव संसाधन विकास



नेपाल सरकार र जापान सरकारबीच अर्थ मन्त्रालय आज आयोजित मानव संशाधन विकास छात्रवृत्ति (जेडिएस) कार्यक्रमको लागि अनुदानसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर समारोहमा मन्तव्य राख्नुहुादै नेपालका लागि जापानी राजदूत किकुता युताका। तस्वीरः रासस

छात्रवृत्ति (जेडिएस) कार्यक्रमको तेस्रो चरण कार्यान्वयनका लागि अनुदानसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

बुधवार अर्थ मन्त्रालयमा आयोजित एक औपचारिक कार्यक्रमबीच अर्थसचिव अर्जुनप्रसाद पोखरेल र नेपालका लागि जापानी राजदूत किकुता युताकाले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरे।

सम्झौता अनुसार सन् २०२३ र २०२४ मा निजामती कर्मचारीलाई छात्रवृत्ति उपलब्ध गराउन जापान सरकारले रु ३८ करोड ५० लाख (४२ करोड ४० लाख जापानी येन) अनुदान उपलब्ध गराउने छ। यो अनुदान रकम निजामती कर्मचारीलाई दिइने स्नातकोत्तर र पिएचडी तहको छात्रवृत्ति कार्यक्रमका लागि खर्च गरिने छ। जापान सरकारले नेपाललाई सन् २०१५ देखि यस्तो सहयोग उपलब्ध गराउँदै आएको छ।

जेडिएस कार्यक्रम अन्तर्गत जापानले सन् २०१६ देखि २०२२ सम्म दुई चरणमा गरेर एक सयजना निजामती कर्मचारीलाई छात्रवृत्ति प्रदान गरिसकेको छ। तेस्रो चरणको यो छात्रवृत्ति कार्यक्रमबाट २० जनाले स्नातकोत्तर र दुईजनाले पिएचडी तह पढ्न पाउने छन्।

उक्त सम्झौता कार्यक्रममा अर्थ मन्त्रालय अन्तर्गतको अन्तर्राष्ट्रिय आर्थिक समन्वय महाशाखा प्रमुख श्रीकृष्ण नेपाल र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) का वरिष्ठ प्रतिनिधि लिजुका केनिचिरो पनि सहभागी थिए।



**रेलिङसहितको पदमार्गः** बागलुङको तमानखोला गाउँपालिकाको केन्द्र बोङ्गादोभानदेखि स्याउला गाउँ जोड्नका लागि निर्माण गरिएको रेलिङसहितको पदमार्ग। पदमार्ग निर्माणपछि स्थानीयलाई आवतजावतमा सहज भएको छ। तस्वीरः रासस

# नारायणघाट-बुटवल सडक : ४० प्रतिशत प्रगति

त्रिवेणी, २७ असार/रासस

नारायणघाट-बुटवल सडक विस्तार आयोजनाको म्याद सकिन करीब डेढ महीना मात्र बाँकी छ। पछिल्लोपटक थपिएको म्याद आगामी भदौ ११ गते सकिँदै छ। यो अवधिमा आयोजनाको पूर्वी खण्डमा ४० प्रतिशत मात्रै काम सम्पन्न भएको छ।

बस्ती क्षेत्रमा छ लेन, जङ्गल क्षेत्रमा चार लेन र दाउन्नेमा तीन लेन विस्तार गर्नेगरी कामको जिम्मा पाएको चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनीयरिङ कर्पोरेशनले पूर्वी खण्डको ६५ किलोमिटरमा ४० प्रतिशत काम सम्पन्न गरेको आयोजनाको पूर्वी खण्डका सूचना अधिकारी एवं इन्जिनीयर धीरज ढकालले बताए। "पूर्वी खण्डमा ४० प्रतिशत काम सकिएको छ, कालोपत्र गर्ने, सानाठूला पुल निर्माण गर्नेलगायतका काम सँगै अघि बढिरहेको छ," ढकालले भने।

पूर्वी खण्डमा रहेका १२ ठूला पुलमध्ये नौवटामा सबस्ट्रक्चरको काम सकिएको, दुईमा सबस्ट्रक्चरको काम हुँदै र एउटामा फाउन्डेशनको काम चलिरहेको उनले बताए। सो खण्डमा रहेका २२ साना पुलमध्ये २१ मा काम शुरू गरेकामा १८ पुलको दुवैतर्फको काम सकिएको छ। तीनमा एकतर्फी काम सकिएको उनले बताए।

विगत वर्षमा वर्षामा डाइभर्सनमा क्षति पुग्दा राजमार्ग बन्द हुने अवस्था रहेकामा अहिले त्यो समस्या नहुने इन्जिनीयर ढकालले बताए। अहिले सबैजसो स्थानमा पुलबाटै गाडी सञ्चालन



तस्वीरः फाइल

गर्ने अवस्था रहेको उनले बताए। कतै-कतै कल्भर्ट भएका स्थानमा केही समस्या देखिए पनि वर्षामा यातायात सञ्चालनमा ठूलो समस्या नपर्ने उनले बताए।

निर्माण कम्पनीले पहिलोपटक थप गरिएको म्याद सकिन लाग्दा करीब दुई वर्षका लागि म्याद थपको प्रस्ताव गरेको छ। विसं २०७९ साउनमा निर्माण सम्झौताको पहिलो म्याद सकिएपछि विसं २०८० भदौ ११ गतेसम्मका लागि म्याद थप गरिएको थियो। यस अवधिमा काम सम्पन्न हुन नसकेपछि आयोजनाले करीब दुई वर्ष म्याद थपको प्रस्ताव गरेको इन्जिनीयर ढकालले बताए।

"निर्माण कम्पनीले म्याद थपको प्रस्ताव गरेको छ, मागे जति म्याद थप हुँदैन, अहिले मूल्याङ्कन गर्ने काम हुँदैछ, सोही अनुसार यस विषयमा पछि निर्णय हुन्छ," उनले भने। नारायणगढ-बुटवल सडक विस्तार आयोजना विसं २०७५ चैतमा शुरू गरी करीब साढे तीन वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो।

नवलपुरको गैंडाकोटदेखि दाउन्नेसम्म ६४ दशमलव ४२ किलोमिटर सडक 'क' खण्डमा राखिएको छ। दाउन्नेदेखि बुटवलसम्मको ४८ दशमलव ५८ किलोमिटर सडकलाई खण्ड 'ख' अन्तर्गत राखिएको छ। करीब रु १७ अर्ब लागतको यो परियोजना एशियाली विकास बैंक एडिबीको ऋण सहयोगमा अघि बढाइएको हो।

# नेप्से परिसूचक २५ अङ्कले बढ्यो

काठमाडौं, २७ असार/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले बढेको छ। आजको कारोबारमा नेप्से परिसूचक २५ दशमलव ३१ अङ्कले बढेर दुई हजार ९७ दशमलव ५५ अङ्कमा कायम भएको हो।

आज विभिन्न २८९ कम्पनीका ८५ लाख चार हजार ३७८ कित्ता शेयर रु तीन अर्ब १८ करोड ७६ लाख ९५ हजार ७७४ मा खरीद-बिक्री भएका छन्। वित्त, होटल तथा पर्यटन समूहका उपसूचक घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन्।

आजको कारोवारपछि वित्त समूह ३९ दशमलव २० र होटल तथा पर्यटन समूह ५१ दशमलव ०८ अङ्कले घटेका छन्। बढ्नेमा भने सबैभन्दा धेरै निर्जीवन बीमा समूहको उपसूचक १०६ दशमलव ८० र जलविद्युत् समूहका उपसूचक १०२ दशमलव ७२ अङ्कले बढेका छन्।

बैंकिङ आठ दशमलव ७७, विकास बैंक ३० दशमलव ८७, लगानी शून्य दशमलव ४० र जीवन बीमा ३८ दशमलव ९६ अङ्कले बढेका छन्। त्यस्तै, उत्पादन तथा प्रशोधन समूह ५९ दशमलव ४८, लघुवित्त समूह ७३ दशमलव ७५, म्युचुअल फन्ड शून्य दशमलव २६, व्यापार नौ दशमलव ०७ र अन्य समूह १६ दशमलव ०५ अङ्कले बढेका छन्।

शिवश्री हाइड्रोपावर लिमिटेड, सिवाइसी लघुवित्त वित्तीय संस्था लिमिटेड, रिभर फल्स पावर लिमिटेड र लक्ष्मी इक्विटी फन्डको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु ३३ करोड ९३ लाख ५१ हजार र १०१ बराबरको पाँच लाख १८ हजार ६०४ कित्ता शेयर किनबेच भएका छन्।

## प्रवासमा विस्तार नेपाली ...

यसको सम्पूर्ण व्यवस्थापन प्रदर्शक स्वयंले गर्नुपर्छ। बक्स अफिसमा प्रदर्शन गर्दा हामीलाई त्यो झन्झट हुँदैन," उनले भने। 'प्रेम गीत ३', 'महापुरुष', 'जारी'लगायत चलचित्र नियमितरूपमैं प्रदर्शन भएपछि अन्यलाई पनि हौसला मिलेको प्रदर्शक सुवेदीले बताए। निर्देशक रामबाबू गुरुङले आफूले निर्माण गर्ने आगामी दुई चलचित्रको विदेश प्रदर्शन अधिकार लगभग बिक्री भइसकेको जानकारी दिए। "हाम्रो पछिल्लो चलचित्रले गरेको व्यापारकै आधारमा हुन सक्छ।

विदेशमा हाम्रो ब्यानरबाट बन्ने चलचित्रको माग रहेको बुझिएको छ। नेपाली चलचित्रले बजार विस्तारसँगै कला र संस्कृतिलाई पनि प्रवासी नेपालीसमक्ष पुऱ्याइरहेको छ," निर्देशक गुरुङले भने।

विदेशमा नेपाली चलचित्रको बजार बढेको सन्दर्भ जति प्रशंसायोग्य छ, त्यति नै नेपालमैं बजार विस्तार नहुनु दुःखद छ। अहिले पनि तराईमा नेपाली चलचित्रको बजार राम्रो छैन। वीरगंज, मलङ्गवा, जनकपुरलगायतका बजारबाट भोजपुरी र हिन्दी भाषाको विदेशी चलचित्रले गर्ने व्यापारको तुलनामा नेपालीको न्यून छ। उक्त स्थानमा नेपाली चलचित्र प्रदर्शन हुनु नै अझै ठूलो विषय बनिरहेको छ।


बजार विस्तारका लागि विदेशसम्म पुगेर गरिने प्रवर्द्धनात्मक कार्यक्रम ती स्थानमा गर्न सके घरेलु बजारको आकार बढ्ने निश्चित छ।

# प्रवासमा विस्तार नेपाली चलचित्रको बजार

काठमाडौं, २७ असार/रासस

नेपाली चलचित्रको बजार बढिरहेको छ। नेपालसँगै नेपाली बसोबास गरिरहेका अन्य देशमा समेत विस्तार भइरहेको बजारले उद्योगको रूपमा बलियो बनाउने विश्वास पनि बढ्दै छ । विशेषतः ओटिटी थिएनन् । दर्शकसँग यो वा त्यो भन्ने रोज्नका लागि विकल्प पनि थिएन। दर्शक चलचित्र हेर्न चलचित्र भवनसम्म आउनुहुन्थ्यो," उनले भने । उनले प्रेम कथा, जमीनदारीका विषयमा अधिकांश चलचित्र बनेका बताए ।










डिजिटल प्रविधिमा चलचित्र निर्माण तथा प्रदर्शन भएपछि बजार विस्तार हुन थालेको हो। सुरुआती समयमा सेल्युलोइड प्रविधिमा चलचित्र प्रदर्शन गरिंदा उपत्यका बाहिर वा भित्र मात्र प्रदर्शन गरिन्थ्यो ।

शहरनजीकका चलचित्र भवनमा समेत सो समय हेरफेर गरेर रिलका ससाना प्रिन्टका डब्बालाई ओसारपोसार गरिन्थ्यो। यद्यपि अहिले समय बदलिएको छ। नेपाल मात्र नभई विश्वभर एकसाथ चलचित्र प्रदर्शन हुन थालेको छ। विदेशमा प्रदर्शन अनुमतिका लागि समयमा नै जाँचपास हुने हो भने विश्वभर जहाँ पनि एकसाथ नेपाली चलचित्र प्रदर्शन गर्न सकिन्छ ।

ओभर दी टप (ओटिटी)मा नेपाली चलचित्र पर्याप्त नहुँदा ती युटच्युबकै भर परिरहेका छन् । यसलाई पहिलो दर्शक बनाउन चलचित्र भवनमैं प्रदर्शन गर्नु उपयुक्त हुन्छ । चलचित्रको परिवर्तन र बढिरहेको बजारले खुशीसँगै चुनौतीसमेत थपेको छ । बढिरहेका दर्शकलाई बचाइराख्नु नै अहिले चलचित्रकर्मीको चुनौती बनेको छ । "सेल्युलोइड अर्थात् प्रिन्टको समयमा काम र अनुभवका आधारमा गरिन्थ्यो। छायाङ्कन गरिएका दृश्यसमेत निर्देशकले हेर्न पाउँथेनन् । छायाकारकै आँखाबाट चलचित्र हेर्नुपर्थ्यो," चलचित्र निर्देशक सुनील पाण्डेले भने ।

निर्देशक ज्ञानेन्द्र देउजाले त्यस समयमा दर्शकका लागि अन्य विकल्प नभएकाले चलचित्र हेर्न हलसम्म जानेको भीड देखिएको बताए । "अहिले जस्तो ओटिटी थिएनन्..."

चलचित्रको आकर्षण ग्रामीण भेगमा बढिरहेको निर्माता एवं निर्देशक अशोक शर्माले बताए । निर्माता शर्माले चलचित्र भवन भ्रमण गर्दा दर्शकमा चलचित्रप्रतिको मायालाई अनुभव गरेका छन् । उनले निर्माण गरेका 'ट्रक ड्राइभर' २०५० चैतमा प्रदर्शन भइरहेको थियो । "म कलाकारसहित उर्लाबारीस्थित सूर्य टाकिजमा पुगेको थिएँ । पाँच सय सिट रहेको चलचित्र भवनमा एक हजार पाँच सयभन्दा बढी दर्शक थिए । गर्मीको महीना भएकोले बेलाबखतमा दर्शक बेहोश पनि हुने गर्थे," निर्माता शर्माले स्मरण गरे । बेहोश भएर हलबाहिर ल्याइएका दर्शक होशमा आउनासाथ पुनः चलचित्र हेर्न हलभित्र पस्ने गरेको उनले अनुभव सुनाए ।

"दर्शक हलमा पुगेपछि चलचित्र नसकिंदासम्म घर जाँदैनथे," उनले भने, "त्यो समयमा कलाकारिता गर्न सक्नेलाई भूमिका दिने चलन थियो । हामी हलमा चलचित्र चलेको ५१औं दिनभन्दा बढी भएपछि दर्शकसँग भेटघाट गर्थ्यौं ।" अहिले चलचित्र निर्माण, छायाङ्कनदेखि प्रदर्शनसम्म डिजिटल प्रविधिबाट हुने गर्छ । नेपालमा 'डिजिटल यात्रा'को सुरुआत भूषण दाहालले निर्देशन गरेका 'कागबेनी'बाट भएको हो ।

डिजिटल प्रविधि भित्रिएको र निर्माण सहज, व्यवस्थित तथा व्यावसायिक भएको निर्देशक, निर्माताको भनाइ छ । डिजिटल प्रविधिले एउटै समयमा देशभर चलचित्र प्रदर्शन गर्न सक्ने गरी नयाँ युगमा प्रवेश गऱ्यो । डिजिटल प्रविधिको सुरुआतसँगै प्रिन्टको डब्बा लिएर चलचित्र भवन धाउनु पर्ने बाध्यता हट्यो ।

एउटै समयमा नेपालभर चलचित्र प्रदर्शन गर्न सहजता दियो । त्यही कारण काठमाडौंमा प्रदर्शनका निमित्त पालो पर्खिएका चलचित्रको लाइन घट्यो । यसको श्रेय निर्माता अशोक शर्मालाई जान्छ । उनले सन् २००७ मा डिजिटल सिनेमा नेपालको सुरुआत प्रदर्शक, वितरक र निर्माताहरूको समूह बनाएर गरे । "नेपाली चलचित्रलाई शहरिया क्षेत्रमा हेरिने दृष्टिकोणसँगै स्तरीय प्रदर्शनीका लागि डिजिटल प्रविधि आवश्यक थियो । भारतीय प्रविधि युएफओ सर्भरसँग सहकार्य गरेर शुरू गरेका हौं," निर्माता शर्माले भने ।

प्रविधिकै सहायताको कारण अहिले विश्वभर एकसाथ चलचित्रको प्रदर्शन सम्भव भएको हो । "विश्वमैं नेपाल नै पूर्णतया डिजिटल प्रविधिमा निर्माणदेखि प्रदर्शनसम्म हुने पहिलो देश हो । हामी सानो भएकाले यसबारे खासै चर्चा हुँदैन," उनले भने । मोफसलमा प्रदर्शन भएर पुरानो भइसकेका प्रिन्ट काठमाडौंमा प्रदर्शन हुँदा प्रिन्ट कोरिएको, प्वाल परेको, टाँसिएकोलगायत बिग्रिएको अवस्थामा काठमाडौं भित्रिने हुँदा शहरिया दर्शकलाई आकर्षण गर्न सकेको थिएन ।

प्रदर्शन हुने प्रविधि र प्रिन्टको गुणस्तरले गर्दा एकल पर्दा भएका केही चलचित्र भवनमा स्पष्ट र सफासमेत देखिँदैनथ्यो । डिजिटल प्रविधिसँगै एकसाथ देशभरका हलमा चलचित्र प्रदर्शन हुन थालेपछि निर्माता तथा निर्देशकमा उत्साह थपिएको उनको भनाइ थियो ।

नेपालमा युएफओ र क्युब डिजिटलको सर्भरले अहिले विश्वभर डिजिटल सिनेमा इनिसेटिभ (डिसिआई) ढाँचामा चलचित्र प्रदर्शन गरिरहेको छ । नेपालमैं सम्पूर्ण प्रविधिमा इनकोडिङ हुन्छ । उनले 'महापुरुष', 'छक्का पञ्जा ४' र 'जारी' चलचित्र यहीं इनकोडिङ गरेर विश्वभर प्रदर्शन गरेको जानकारी दिए । यसले पाइरेसीको समस्यासँगै चलचित्र विदेश पुऱ्याउने झन्झट पनि हटाएको उनको भनाइ थियो ।

प्रिन्टबाट छुटकारा पाएका निर्माता डिजिटल प्रविधिको विकासपछि पनि इनकोडिङ गर्न भारत जानुपर्थ्यो । डिसिआई अगाडि डिसिएन र क्युबको लागि छुट्टै इनकोडिङ गर्नुपर्थ्यो । यद्यपि अहिले प्रविधिले सहजता दिएको छ । एउटा सर्भरमा इनकोडिङ गरे विश्वभर चलचित्र प्रदर्शन गर्न पाइन्छ ।

पछिल्लो समय नेपाली चलचित्रले लगानी उठाउने मात्र नभई विदेशी बजारबाट मुनाफा प्राप्त गर्न थालेको छ । नेपालमा राम्रो भनिएका र प्रतिष्ठित समूहले निर्माण गरेका चलचित्रलाई विदेशमा रहेका दर्शकले पनि हेर्न थालेपछि नेपाली चलचित्र बजार विस्तार भइरहेको छ । मौलिक कथा र कलात्मक प्रस्तुति रहेको नेपाली चलचित्रका लागि अस्ट्रेलिया, अमेरिका, जापान, बेलायतलगायत देशमा बजार बनिरहेको छ । कुनै समय रेस्टुराँ वा सामुदायिक भवनमा प्रदर्शन हुने ती चलचित्र अहिले हलमैं दर्शकले हेर्न पाउँछन् ।

दर्शकले व्यक्तिगतरूपमा हल बूक गरेर चलचित्रको प्रदर्शनी गर्ने शैलीमा परिवर्तन आएको अमेरिकामा नेपाली चलचित्र प्रदर्शन गर्ने कम्पनी नेपाल इलाभेन इन्टरटेन्मेन्ट एलएलसीका निर्देशक प्रतीक सुवेदीले बताए । व्यक्तिगत सोका रूपमा केही घण्टाका लागि चलचित्र भवन भाडामा लिएर देखाइने चलचित्र हेर्न तिर्नुपर्ने शुल्क बक्स अफिसमा टिकट काटेर हेरिएकाभन्दा महँगो पर्ने उनले जानकारी दिए ।

"बूक गरेर प्रदर्शन गर्दा पर्ने शुल्क झन्डै सामान्यको तुलनामा दोब्बर हुन्छ ।

(बाँकी तेस्रो पातामा)




**हिलो सडकका कारण सवारी सञ्चालनमा सास्ती :** विदेह नगरपालिका तीनकौरिया चोकस्थित सडकको खाल्डाखुल्डीमा जमेको पानीले सर्वसाधारणलाई सवारी सञ्चालनमा पुऱ्याएको सास्ती । तस्वीरः रासस

## फरक समाचार

### सीसाजस्तो चम्किलो ग्रह

वैज्ञानिकले हाम्रो सौर्यमण्डल बाहिर सबैभन्दा बढी परावर्तक ग्रहको खोज गरेका छन् । युरोपेली अन्तरिक्ष एजेन्सी (इएसए)को चेओप्स स्पेस टेलिस्कोपले यसबारे जानकारी उपलब्ध गराएको छ । यस टेलिस्कोपको पूरा नाम कैरेक्टराइजिङ एक्सपोप्लैनेट्स सेटेलाइट हो । पृथ्वीबाट २६० प्रकाश वर्षभन्दा टाढा रहेको यस ग्रहले प्रकाशको ८० प्रतिशत भाग परावर्तित गर्छ । यसको तुलनामा पृथ्वीले सूर्यको प्रकाशलाई केवल ३० प्रतिशत मात्रै परावर्तित गर्न सक्छ ।



इएसएको रिपोर्ट अनुसार यस ग्रहको यही विशेषताले यसलाई शुक्रसरह चम्किलो एक्सोप्लैनेट बनाउँछ । एक्सोप्लैनेट भनेको सूर्यको अलावा अन्य कुनै ताराको परिक्रमा गर्नेलाई भनिन्छ । यस ग्रहको नाम एलटिटी ९७७९ बी राखिएको छ, यसको आकार नेपच्युन बराबर छ । यसलाई पहिलोपटक सन् २०२० मा खोजिएको थियो । यस ग्रहले सूर्यको चक्कर केवल १९ घण्टामा पूरा गर्छ । सूर्यको यति नजीक भएको कारण यसको तापमान दुई हजार डिग्री सेल्सियस छ ।

यो अध्ययन एस्ट्रोनोमी एन्ड एस्ट्रोफिजिक्स जर्नलमा प्रकाशित भएको छ । अध्ययनका सह–लेखक विवियन पारमेन्टियरले बयानमा भनेका छन्, यस ग्रहमा बादल त्यसै प्रकार बन्छ, जसरी तातो स्नानपछि बाथरूममा वाष्प बन्ने गर्छ । तर यस ग्रहको बादल पनि धातुबाट बनेको हुन्छ र टाइटेनियमको थोपा वर्षिरहेको हुन्छ । यो ग्रह हाम्रो पृथ्वीभन्दा पाँच गुना ठूलो छ र जुन क्षेत्रमा छ, त्यसलाई नेपच्युन रेगिस्तान भनिन्छ ।

यसको मतलब हो, त्यस क्षेत्रमा यस आकारको कुनै अर्को ग्रह छैन । शोधकर्ताको भनाइ अनुसार यस्तो ग्रहको वातावरण त्यसको सूर्यबाट नष्ट हुन्छ । ग्रहमा बन्ने धातुको बादलले यस ग्रहको लागि काँचको काम गर्छ र ग्रहमा पर्ने ताराको ८० प्रतिशत प्रकाश परिवर्तित गरिदिन्छ, यसै कारणले यो ग्रहको वातावरण जोगिएको छ ।

### वर्षायाममा हरियो तरकारीप्रति सर्तक बनौं

वर्षायाममा केही तरकारी खाँदा निकै ध्यान दिनुपर्ने हुन्छ किनभने वर्षायाममा



यस्ता तरकारीमा विभिन्न कीटाणु र जीवाणु हुर्कने गर्छन् । वर्षायामको बेलामा हरियो सागपात खानुहुँदैन । भनिन्छ, यस मौसममा यिनीहरूमा ब्याक्टेरिया र फङ्गस हुर्किरहेका हुन्छन् । पालक, कैबेज, लेट्युज आदि तरकारीमा ब्याक्टेरिया बढी हुन्छ । तरकारीको माध्यमबाट ब्याक्टेरिया हाम्रो आन्द्रामा पुग्छ र थुप्रै रोग निम्त्याउँछ ।

त्यस्तै, वर्षायाममा काउली, ब्रोकाउली, बन्दा आदि तरकारीमा ठूल्ठूला कीरा हुन्छन् । यी तरकारी पोषक तत्त्वले भरिपूर्ण भएपनि वर्षायाममा कीराहरू लुक्ने ठाउँ पनि हुन्छ । यस्ता तरकारी केलाउँदा र पकाउँदा निकै ध्यान दिनुपर्छ ।

गाँजर, मूला, चुकन्दर यस्ता तरकारीमा बढी मोइश्चर हुने र यस्ता तरकारीले बढी पानी सोस्ने हुनाले ब्याक्टेरिया हुर्कने गर्छन् । यस्ता तरकारीलाई राम्ररी धोएर मात्र पकाउनुपर्छ । स्प्राउट प्रोटिनको खजाना भएपनि वर्षायाममा यसको प्रयोग गर्दा निकै सतर्क रहनुपर्छ । स्प्राउटमा सेलमोनेला, ई.कोलाई ब्याक्टेरिया तीव्रताका साथ विकसित हुन्छन् ।

वर्षायाममा च्याउ सेवन गर्नुहुँदैन किनभने यस मौसममा च्याउमा मोल्ड र फङ्गस विकसित हुने गर्छ र च्याउ खाएपछि पेटसम्बन्धी समस्या हुने र इम्युनिटी कमजोर हुने गर्छ ।

### कानमा पसेको कीरा निकाल्ने घरेलु उपाय



- यदि कानमा कमिला पसेको छ भने कानभित्र सुलसुल महसूस हुन्छ, यस्तो बेला कानमा फिटकरी–पानी हाल्नुपर्छ ।
- कानभित्र सूक्ष्म कीरा पसेको छ भने पुदिनाको रस हालेपछि कानको कीरा मर्छ ।
- कानमा कीरा पसेको छ भने सरस्यूँको तेललाई मनतातो गरेर कानमा चुहाउँदा कीरा बाहिर निस्किन्छ । यसको अलावा कान दुख्छ, आवाज आउँछ भने सरस्यूँको तेल लगाउँदा लाभ पुग्छ ।
- कानमा वनतुलसीको पातको रस एक/एक थोपा राख्दा पनि कानभित्रको कीरा नष्ट हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## डेङ्गुबाट एकैदिन सात जनाको मृत्यु




ढाका, २७ असार/सिन्ह्वा

बङ्गलादेशमा डेङ्गुबाट एकै दिन सातजनाको मृत्यु भएको छ। मृतकको यो सङ्ख्या अहिलेसम्मको सबैभन्दा बढी हो।

मङ्गलवार सबैभन्दा बढी एक हजार ५४ जना डेङ्गुका नयाँ बिरामी दर्ता भएका तथा थप सातजनाको मृत्यु भएको स्वास्थ्य सेवा महानिर्देशनालयले बुधवार जनाएको छ।

यो सङ्ख्या यस वर्षको जनवरीयता एकै दिनमा सबैभन्दा धेरै हो। हाल डेङ्गु सङ्क्रमितको सङ्ख्या १४ हजार ८९७ पुगेको तथा ८३ जनाले ज्यान गुमाएका महानिर्देशनालयले बताएको छ। यो वर्ष डेङ्गु सङ्क्रमितमध्ये ११ हजार ५११ जनाले स्वास्थ्यलाभ गरेका छन्।

यो महीनामा मात्रै थप छ हजार ९१९ जना डेङ्गुका नयाँ सङ्क्रमित फेला परेका तथा ३६ जनाको मृत्यु भएको बताउँदै महानिर्देशनालयले पुगेको लामखुट्टेको टोकाइबाट सर्ने यो रोगबाट बचन आवश्यक उपाय अपनाउन सर्वसाधारणमा आग्रह गरेको छ। रासस

## उत्तर कोरियाद्वारा लामो दूरीको क्षेप्यास्त्र परीक्षण

सोल, २७ असार/एएफपी

उत्तर कोरियाले लामो दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको छ। यो परीक्षण प्योङ्याङले आफ्नो हवाई क्षेत्रको उल्लङ्घन गर्ने अमेरिकी जासूसी विमानलाई खसाल्ने धम्की दिएको केही दिनमैं भएको हो।

दुई कोरियाबीचको सम्बन्ध अहिलेसम्मकै सबैभन्दा तल्लो बिन्दुमा पुगेको छ। दुई पक्षीय कूटनीति अवरुद्ध भएको छ। उत्तर कोरियाली नेता किम जोङ उनले सामरिक एवं आणविक हतियार विकासका लागि आह्वान गरेका छन्।

नेता किमको आह्वानको जवाफमा सोल र वाशिङ्टनले सुरक्षा सहयोग बढाएका छन्। यदि प्योङ्याङले अमेरिका र उसका सहयोगीहरूविरुद्ध आणविक हतियार प्रयोग गरेमा उत्तर कोरियालाई आणविक हतियारले नै जवाफ दिएर वर्तमान सरकारको अन्त्य गराउने प्रण अमेरिकाले गरेको छ।

दक्षिण कोरियाको सेनाले बिहान १० बजे प्योङ्याङ क्षेत्रबाट परीक्षण गरिएको लामो दूरीको ब्यालेस्टिक मिसाइल पत्ता लगाएको बताएको छ। "ब्यालेस्टिक क्षेप्यास्त्रलाई उचाइमा प्रक्षेपण गरिएको थियो र पूर्वी सागरमा खस्नुअघि एक हजार किलोमिटर उडेको थियो," कोरियाका संयुक्त सेना प्रमुखले भनेका छन्।

परीक्षणलाई गम्भीर उत्तेजना भन्दै संयुक्त सेना प्रमुखले त्यसबाट कोरियाली प्रायःद्वीपको शान्ति र सुरक्षामा हानि पुग्ने भएकोले त्यसलाई अविलम्ब रोक्न प्योङ्याङलाई आह्वान गरेको छ। संयुक्त राष्ट्रसङ्घले निषेध गरेका गतिविधि उत्तरले गरेकोमा त्यसको उनले निन्दा गरेका छन्। रासस

## अन्तर्राष्ट्रिय खेलबाट संन्यासबारे अझै सोचेको छैन –मेसी

ब्युनस आयर्स, २७ असार/एएफपी

अर्जेन्टिनाका स्टार स्ट्राइकर लियोनल मेसीले अर्जेन्टिनाको राष्ट्रिय टोलीबाट अझै कति समय खेल्ने भन्नेबारे आफूलाई थाहा नभएको बताएका छन्।

गत जूनमा पेरिस सेन्ट जर्मेन (पिएसजी)बाट छुटेपछि इन्टर मियामीबाट पहिलोपटक खेल्ने तयारी गरिरहेका बेला उनको यो टिप्पणी आएको हो।

अर्जेन्टिनाको टेलिभिजनमा प्रसारण भएको एक अन्तर्वार्तामा ३६ वर्षीय मेसीले भने, "तार्किकरूपमा मेरो उमेरका कारण यो (संन्यास) धेरै टाढा हुनेछैन। त्यो क्षण कहिले आउँछ मलाई ठ्याक्कै थाहा छैन। म दिनदिनै चीजहरू लिइरहेको छु र हामीले अनुभव गरिरहेका यी सबै कुराहरूको आनन्द लिइरहेको छु।"

गत डिसेम्बरमा कतारमा अर्जेन्टिनालाई विश्वकप जिताएपछि मेसीले फूटबलमा आफूले आशा गरेका सबै कुरा हासिल गरेको स्वीकारेका थिए।



अर्जेन्टिनी कप्तानले फाइनलमा दुई गोल गरेपछि प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई प्रदान गरिने गोल्डेन बल पनि जितेका थिए।

मेसीलाई कहिले अन्तर्राष्ट्रिय फूटबलबाट संन्यास लिनेबारे सोधिएको प्रश्नमा उनले भने, "मलाई लाग्छ समय आएपछि यो कुरा स्वाभाविकरूपमा हुनेछ।"

उनले भने, "पछिल्लो समयमा सबै कुरा हासिल गरिसकेपछि त्यसको आनन्द लिनु मात्र बाँकी छ।"

मेसीले जुलाई २१ मा फोर्ट लाउडरडेलमा मेक्सिकोको व्यावसायिक फूटबल समूहविरुद्ध लिग कपमा इन्टर मियामीका लागि पहिलो खेल खेल्नेछन्।

फ्लोरिडा क्लब हाल अमेरिकी महत्त्वपूर्ण लिग फूटबलको १५ टोली पूर्वी सम्मेलनको २१ खेलबाट १८ अङ्कका साथ अन्तिम स्थानमा छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनखति | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – अलमल |
| तुला – रोगभय | वृश्चिक – यात्रालाभ |
| धनु – शत्रुभय | मकर – चोरभय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## मधुश्रावणी समापन गर्न एक महीना कुर्नुपर्ने

महोत्तरी, २७ असार/रासस

नवविवाहिता मिथिलानी (मिथिलाका नारी)ले मनाउने मधुश्रावणी पर्व समापनका लागि यसपालि एक महीना कुर्नुपर्ने भएको छ। साउन कृष्ण पञ्चमीदेखि साउन शुक्ल तृतीयासम्म १३ दिनको यो पर्वकै बीचमा अधिकमास ( मलमास) शुरू हुने भएकाले समापन पनि एक महीनापछि धकेलिएको हो।

साउन कृष्ण पञ्चमीका दिन पर्व प्रारम्भ गरेका मिथिलानीले साउन कृष्णपक्ष समाप्तीसँगै अधिकमास शुरू हुने भएपछि समापन साउन शुक्लपक्ष लागेपछि तृतीयाका दिन गर्ने बताएका छन्। यसपालि साउन शुक्लपक्ष शुरू हुने दिनमैं अधिकमास प्रारम्भ हुँदैछ। साउन २ गते शुरू हुने अधिकमास साउन ३१ गते सकिएपछि साउन शुक्लपक्ष शुरू हुन्छ। त्यसलगत्तै पर्ने साउन शुक्ल तृतीयाका दिन पर्व समापन गरिने भङ्गाहा–४ की भगवती मिश्र बताउँछिन्। "पर्व त साउन कृष्ण पञ्चमीदेखि साउन शुक्ल तृतीयासम्म १३ दिनको हो तर यसपालि कृष्णपक्ष सकिनुलगत्तै मलमास लाग्ने भयो," पर्व मनाइरहेकी उनले भनिन्, "मलमासमा व्रत (पर्व) समापन वर्जित हुने हुँदा समापनलाई एक महीना कुर्नुपर्ने भएको हो।"

प्राचीन मिथिला क्षेत्रमा पछिल्लो एक वर्षभित्र विवाह भएका मिथिलानीले साउन कृष्ण पञ्चमीदेखि साउन शुक्ल तृतीयासम्म मधुश्रावणी पर्व मनाउँछन्। सुमधुर प्रणय सम्बन्ध दिगो हुने कामनासाथ गरिने यो पर्व पतिले दिने खर्चमा माइतीमा बसेर मनाउने चलन छ। "पर्व मनाउन माइत जानुपर्ने चलन छ तर त्यस अवधिको खानपिनका आवश्यक सामग्री, नयाँ लुगा र अन्य सबै शृङ्गारका साधन पतिले पुऱ्याइदिनुपर्ने मान्यता छ," जलेश्वर–२ की साधना वर्मा भन्छिन्, "सुमधुर प्रणय सम्बन्धको कामना गर्दै मनाइने यो पर्वमा शिव, पार्वती (गौरी) र 'विषहरा' (नागदेवता)को आराधना गरिन्छ।"

वर्षायाम प्रगाढ प्रणय सम्बन्धलाई अपील गर्ने मौसम मानिन्छ। वनमा रमाउने मयूर पनि यसै मौसममा प्रणय सम्बन्धमा लीन हुन्छन्। यस्तो बेला नवविवाहिता जोडीबीच रतिरागदेखि भावनात्मकरूपमा एकाकार गराउनु पर्वको मुख्य पक्ष रहेको मिथिला

पर्वको १३औं दिन (यसपालि मलमासले बीचमैं कुर्नुपर्ने भएको छ)




संस्कृतिका जानकार बताउँछन्। त्यसैले यो पर्व नवविवाहिताका लागि अति महत्त्वको हुने गरेको छ। पहिले मिथिलाका ब्राह्मण, कायस्थ, देव र सोनार जातिका महिलाले मात्र मनाउने यो पर्व अब आपसी घुलमिलले साझा भइसकेको छ। यस पर्वमा शिव, पार्वती (मधुश्रावणी व्रत विधानमा पार्वतीलाई गौरी नाम दिइएको छ) र विषहराको पूजा आराधना गरेपछि बर्तालुलाई ज्येष्ठ महिलाले मधुश्रावणी कथा सुनाउँछन्। यिनमा पौराणिक गाथामा आधारित मैना पञ्चमी, विषहरी, बिहुला, मनसा, मङ्गला गौरी, पृथ्वीको जन्म, समुद्र मन्थन र सतीको कथा हुने गरेको भङ्गाहा नगरपालिका–४ रामनगरकी सीमा कर्ण बताउँछिन्।

समापन गरिन्छ। समापन भएपछि दिनहुँ पूजा गरिएका बेलपत्र र फूल सङ्ग्रह गरेर पवित्र नदी वा तलाउमा विसर्जन गर्ने चलन छ। यसअघि १२औं दिन साँझ पूजाअर्चनापछि बर्तालुलाई 'टेमी' दिने गरिन्थ्यो। दियोमा बालिने बत्तीको लप्कोले बर्तालुको देब्रे घुँडामा डाम्ने विधिलाई 'टेमी' भन्ने गरिएको हो। 'टेमी' दिइएको ठाउँमा फोका उठे पति–पत्नीबीच प्रेम सम्बन्ध अत्यन्त गाढा हुने विश्वास गरिन्छ। पछिल्लो समयमा भने नयाँ पुस्ताका मिथिलानीले 'टेमी' प्रचलनलाई परिष्कृत गरिनुपर्नेमा जोड दिंदै आएका छन्। पर्वमा बर्तालुलाई बलेको बत्तीको लप्काले डाम्नुको सट्टा शीतल चन्दनको लेप उपयुक्त हुने नयाँ पिंढीका मिथिलानीको भनाइ छ।

## चरेस भारत लैजान खोज्ने दुईजना पक्राउ




प्रस, वीरगंज, २७ असार/

प्रस्तावित सशस्त्र सुरक्षा गुल्मले भन्सार नाकाबाट १५ किलो ३१० ग्राम चरेससहित दुईजनालाई पक्राउ गरेको सशस्त्र प्रहरी बल नेपाल नं १३ गणका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेतले बताएका छन्।

भारतीय नम्बरको मोटरसाइकलमा चढेर भारततर्फ गइरहेका पटेर्वासुगौली गाउँपालिका–५ बस्ने ३५ वर्षीय सत्यनारायण माझी र ४० वर्षीय प्रह्लाद माझीलाई १५ किलो ३१० ग्राम चरेससहित पक्राउ गरिएको सूचना अधिकारी बस्नेतले बताए। उनीहरूले मोटरसाइकलको टङ्कीभित्र चरेस लुकाएर भारत लैजाने क्रममा पक्राउ गरी कारबाईको लागि प्रहरी चौकी, इनर्वा बुझाएको सूचना अधिकारी बस्नेतले बताए।

पाठक ...

भएको थियो। उनको स्वर्गारोहणभन्दा अघि परमेश्वरको राज्यको प्रचारको क्रममा चेलाहरूलाई पनि यी सबै काम गर्ने अधिकार दिएर जानुभएको हो, र यसैको फलस्वरूप विभिन्न चर्चहरूमा आज पनि शिक्षादेखि लिएर चङ्गाइ दिने सेवकाइ पनि हुने गरेका छन्।

तर भिन्नता या फरक के मा छ त? प्रभु येशुले गर्नुभएका सबै आश्चर्य कर्मको एउटै उद्देश्य थियो, निस्स्वार्थ भावले परमेश्वरको महिमाको लागि मानिसको पाप क्षमामा केन्द्रित रहेर शरीरको रोगबाट छुटकारा दिने।

पिता परमेश्वर एउटा विश्वव्यापी धार्मिक सम्प्रदाय हो, जो झूटो शिक्षामा आधारित छ। योजस्तै अरू सम्प्रदाय पनि छन्, जो यस्तै झूटो शिक्षामा आधारित छन्– जस्तै माता परमेश्वर, यहोवा साक्षी आदि। यस्तो झूटो साक्षीको पहिलो चिह्न हो, येशुलाई अस्वीकार गरिनु। यस्ता सम्प्रदायमा लागेकाहरूले आफूलाई येशु ख्रिस्टको अनुयायी मान्दैनन्, भलै दुनियाँले यिनीहरूलाई क्रिस्चियन नै किन न ठानून्।

पिता परमेश्वरको शिविरमा लाग्ने भीडको उद्देश्य शरीरको रोगबाट निको हुवाई हो र यो अन्धविश्वासबाट प्रेरित भएको हुन्छ। यिशुलाई विश्वास गरी पछ्याउनेहरू भक्ति गर्ने उद्देश्यले जीवित परमेश्वरमा समर्पित जीवन जिउने निश्चयका साथ यस संसारको जीवन जिउछन्। प्रभु येशु स्वयंले भन्नुभएको छ, "बाटो, सत्य र जीवन म नै हुँ, मद्वारा बाहेक कोही पनि पिताकहाँ जान सक्तैन।"

प्रभु येशुको सम्बन्धमा केही थप कुरा बुझ्न चाहनुहुन्छ भने व्यक्तिगतरूपमा मसित सम्पर्क गर्न सक्नुहुन्छ। साथै मैले लेखेका चारवटा पुस्तक अमेजन डटइन अथवा नोसन प्रेस डटकममा उपलब्ध छन्। ती पुस्तक हुन्– परमेश्वरको योजना, Knowing The Truth, Kingdom of God – Meditations Part 1, Kingdom of God – Meditations Part 2

डा पिटर कमलेश्वर सिंह
अध्यक्ष, नेपाल खिस्टीय समाज, मधेस प्रदेश

# साताव्यापी निश्शुल्क स्वास्थ्य परामर्श सेवा

प्रस, वीरगंज, २७ असार/

लायन्स क्लब अफ वीरगंज सेन्ट्रल सिटीले बुधवारदेखि साताव्यापीरूपमा वीरगंजमा निश्शुल्क स्वास्थ्य परामर्श सेवा शुरू गरेको छ ।



तस्वीरः प्रतीक

वीरगंज–४ एएमसी अस्पतालअगाडि आकृति भवनमा बिहान ९ देखि ११ बजेसम्म साताको बुधवार सो सेवा उपलब्ध गराउने लायन्स क्लबका राधेश्याम खेतानले बताए । आजदेखि शुरू भएको निश्शुल्क स्वास्थ्य परामर्श सेवाको वीरगंजका वयोवृद्ध चिकित्सक डा रामऔतार खेतानले उद्घाटन गरेका थिए ।

उनले महँगो स्वास्थ्य सेवामा सबैको पहुँच नहुँदा निश्शुल्क स्वास्थ्य परामर्श सेवा लायन्स क्लबले सञ्चालन गरेर गरीब, असहायहरूका लागि असल काम गरेको बताए । प्रत्येक साताको बुधवार दुई घण्टा डा अजय यादवले हाडजोर्नी, नसा र मेरुदण्डका बिरामीहरूलाई उपचार परामर्श दिने डा खेतानले बताए ।

कार्यक्रम लायन्स क्लब सेन्ट्रल सिटीकी अध्यक्ष सलमा खातुनको अध्यक्षतामा भएको थियो भने लायन्सका उमेश शर्मा, अशोक बेरिवाल, विजय कुशवाहा, आसमा सिंह यादव, पिया सिंह, विजया ओझैया, गुड्डी जोशी, मीनाक्षी गुप्ता, प्रभात चौरसिया, डा अशोक दास, डा सुषमा द्विवेदी, जसपाल सिंह, प्रकाश थारू, डा प्रतिमा यादवलगायतको सहभागिता थियो ।

# राउन्ड टेबल नेपाल र रोटरी क्लबको सहयोगमा शौचालय तथा हातधुने बेसिन हस्तान्तरण

प्रस, वीरगंज, २७ असार/

राउन्ड टेबल नेपाल र रोटरी क्लबको सहयोगमा एक विद्यालयमा शौचालय हस्तान्तरण गरिएको छ ।



तस्वीरः प्रतीक

शौचालय तथा हातधुने बेसिनको अभाव रहेको मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका वडा नं ४ स्थित आनन्दमार्ग विशेष शैक्षिक संस्थामा राउन्ड टेबल नेपाल र रोटरी क्लब डिस्ट्रिक्ट ३२९२ को सहयोगमा निर्माण गरिएको सेप्टिक टङ्कीसहितको तीनवटा शौचालय र तीनवटा हातधुने बेसिन हस्तान्तरण गरिएको हो ।

सरसफाइ तथा स्वच्छतामा बढी ध्यान केन्द्रित गरेका दुवै संस्थाले रु पाँच लाखको लागतमा निर्मित शौचालय र हातधुने बेसिनको आधा रकम राउन्ड टेबल–२२ ले उपलब्ध गराएको छ भने आधा रकम रोटरी क्लबले दिएर सहयोग गरेको छ ।

सबैभन्दा पहिले शैक्षिक संस्थालाई स्वच्छ वातावरण बनाउने काममा विशेष ध्यान दिएको तथा शिक्षा क्षेत्रमा सुधारका निमित्त काम गर्दै आइरहेको राउन्ड टेबल नेपाल र रोटरी क्लबले यसअघि पनि विभिन्न शैक्षिक संस्थाहरूमा भवन निर्माण, छात्रवृत्ति वितरणदेखि शैक्षिक र आवश्यक पूर्वाधारका सामग्रीसमेत वितरण गर्दै आएको छ ।

उक्त कार्यक्रममा राउन्ड टेबल नेपाल एरिया–३ का परियोजना संयोजक दीपल खन्ना, वीरगंज फ्रेन्ड्स राउन्ड टेबल–८ का उपाध्यक्ष आकाश सर्राफ, कोषाध्यक्ष दीपक अग्रवाल, सचिव सुदीप खेतान, हेटौंडा राउन्ड टेबल नेपाल–३० का उपाध्यक्ष विकाश जलान, सदस्य दीपक अग्रवाल, रोटरी क्लबका पूर्वडिस्ट्रिक्ट गभर्नर सञ्जय गिरी, सन्तोष रिजाल, डिस्ट्रिक्ट अफिसर अमित गिरी, विष्णु कार्की, रोटरी क्लब नारायणी मिड टाउनका दीपेश श्रेष्ठ, रोटरी क्लब हेटौंडाका अध्यक्ष स्वागतराज प्याकुरेल, कोषाध्यक्ष रवि रेग्मी, रोटरी क्लब मकवानपुरका अध्यक्ष अञ्जनी पराजुलीलगायतको सहभागिता थियो ।

कार्यक्रमबारे वीरगंज फ्रेन्ड्स राउन्ड टेबल–८ का उपाध्यक्ष आकाश सर्राफले जानकारी दिएका थिए । उनले आगामी दिनमा पनि सामुदायिक विद्यालयहरूसँग मिलेर विद्यालयको विकासको लागि सदैव सहयोग गर्ने प्रतिबद्धता जनाए ।

# खेलकूदको संसार

## कबड्डी सङ्घमा थापा

काठमाडौं, २७ असार/रासस

अखिल नेपाल कबड्डी सङ्घको बुधवार सम्पन्न अधिवेशनले तुलसी थापाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । सङ्घको उपाध्यक्षमा कुमार आले र रतिया राजवंशी निर्वाचित भएका छन् । त्यसैगरी, महासचिवमा अरविन्दकुमार झा, सचिवमा तर्कराज भट्ट र कोषाध्यक्षमा कृष्णदेव पन्त निर्वाचित भएका छन् ।

यस्तै, सदस्यमा तेजबहादुर विष्ट, नीराजन श्रेष्ठ, जनक चौधरी, जयबहादुर बोहरा, बिन्दु थापामगर, भगवती अधिकारी, निर्मलाकुमारी बिसी, शरद दर्शनधारी, राजकुमार क्षेत्री, उमालाल यादव र धीरेन्द्र राजवंशी निर्वाचित भएका छन् । सङ्घको यस अधिवेशनमा देशका विभिन्न ४२ जिल्लाका प्रतिनिधि सहभागी रहेका सङ्घको आयोजक समितिले जानकारी दिएको छ । यसैगरी, नवनिर्वाचित कार्यसमितिको आजै बसेको पहिलो बैठकले एक वर्षभित्र कबड्डी लिग टुर्नामेन्ट शुरू गर्ने, अन्तर्राष्ट्रिय कबड्डी प्रतियोगिता आयोजना गर्ने, १९औं एशियन खेलमा महिला कबड्डीलाई तत्काल वैदेशिक प्रशिक्षकको व्यवस्था मिलाउने, यस खेलसम्बन्धी तालीम दिने, महिला सशक्तीकरण कार्यक्रमलाई निरन्तरता दिइने निर्णय गरेको छ ।

यसैगरी, सो कार्यसमिति बैठकले विसं २०३७ देखि २०८० सम्म सम्पन्न अन्तर्राष्ट्रिय कबड्डी पदकधारी खेलाडीलाई केही समयभित्रै नगदसहित सम्मान गर्ने निर्णय पनि गरेको छ ।

## प्रधानमन्त्री कप भलिबल : टिपटप, आर्मी र सैलुङको जीत

काठमाडौं, २७ असार/रासस

टिपटप हेल्प नेपाल क्लब र नेपाली सेनाको त्रिभुवन आर्मी क्लब राजधानीमा जारी सातौं प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब लिगमा विजयी भएका छन् ।

नेपाल भलिबल सङ्घको आयोजनामा भएको उक्त प्रतियोगिताको बुधवार सम्पन्न पुरुषतर्फको खेलमा हेल्प नेपालले नेपाल पुलिस क्लबलाई ३–२ सेटमा पराजित गर्दै विजयी भएको हो । टिपटप हेल्प नेपालले पहिलो सेट २५–२० ले आफ्नो पक्षमा पाऱ्यो । त्यस्तै, खेलको दोस्रो सेट पुलिसले २५–२० ले जित्दै खेललाई १/१ सेटको बराबरीमा ल्यायो ।

हेल्प नेपालले तेस्रो सेट ३०–२८ ले जित्दै खेललाई २–१ को अवस्थामा ल्यायो । चौथो सेटमा हेल्प नेपाल पुलिससँग १८–२५ ले पराजित भएपश्चात् खेल २–२ को अवस्थामा पुग्यो । सङ्घर्षपूर्ण अन्तिम तथा निर्णायक खेलमा हेल्प नेपाल २४–२२ ले जित्दै विजयी भयो ।

यसैगरी, आजै भएको अर्को खेलमा आर्मीले अर्को विभागीय टोली एपिएफ क्लबलाई ३–२ को सेटमा पाखा लगायो । आर्मी खेलको पहिलो सेट एपिएफसँग १८–२५ ले पराजित भयो । दोस्रो सेट २६–१६ ले जित्न सफल भएको आर्मी तेस्रो सेटमा पुनः २४–२६ ले एपिएफलाई सुम्पन बाध्य भयो ।

खेलको चौथो सेट २८–२६ ले जीत निकाल्दै आर्मीले खेललाई २–२ को बराबरीमा ल्यायो । अन्तिम तथा निर्णायक खेल १७–१५ ले जित्दै आर्मीले आफ्नो टोलीको जीत सुनिश्चित गऱ्यो ।

पुरुषकै अर्को खेलमा सैलुङ बाघढुङ्गा स्पोर्ट्स क्लबले दावाली मिलन क्लबलाई ३–२ को सेटमा पराजित गर्दै विजयी भयो । सैलुङले पहिलो सेट २५–१९ ले जित्यो भने खेलको दोस्रो सेट १४–२५ ले पराजित भयो । त्यस्तै, खेलको तेस्रो सेट पनि २२–२५ ले पराजित भयो । त्यसपछिको लगातार चौथो र पाँचौं सेट सैलुङले क्रमशः २५–२१, १५–१३ ले आफ्नो पक्षमा पार्दै जीत सुनिश्चित गऱ्यो ।

### धनुषाको कमला नदी ....

सहगलले वडा नं १ मा भारत सरकारले निर्माण गरेको तटबन्धले पारेको प्रभावका विषयमा जानकारी गराइन् । उनले पालिकाको इनर्वा, कठाल, बलहा तथा पतनु गाउँ कमलाको उच्च जोखिममा रहेकाले सरकारले ती क्षेत्रमा भारतीय पक्षले निर्माण गरेको जस्तै स्थायी प्रकृतिको बलियो बाँध निर्माण गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

यसैगरी, कमला नगरपालिकाका प्रमुख विश्वेश्वर यादवले नदीका कारण हुने जोखिम नियन्त्रण पालिकाको एकल प्रयासले सम्भव नभएकाले सङ्घीय सरकारको आयोजना, प्रदेश सरकारलगायतले अझ बढी सहयोग गर्नुपर्ने बताए ।

सबैला नगरपालिकाका प्रमुख कारीराम यादवले पनि नगरक्षेत्रको पटेर्वामा निर्माण भएको तटबन्ध, अन्य जोखिमपूर्ण क्षेत्रका विषयमा जानकारी गराउँदै नदी नियन्त्रणका लागि थप तटबन्धको आवश्यकता रहेको बताए ।

गणेशमान चारनाथ नगरपालिकाका प्रमुख जीतनारायण यादवले पनि कमला र चारनाथ खोलाले नगरक्षेत्रका बस्तीमा पार्ने प्रभाव र जोखिमका विषयमा अनुगमन टोलीलाई जानकारी गराए ।

कमला नदी नियन्त्रण आयोजना प्रमुख डिभिजनल इन्जिनीयर विष्णुदेव यादवले कमला नदीमा रहेको ३४ दशमलव पाँच किलोमिटर बाँधमध्ये नदीले कटान गरेका जोखिमपूर्ण स्थानमा आयोजनाले तटबन्धको काम गरिरहेको जानकारी दिए ।

उनले लक्करमा करीब रु दुई करोड, हरिनेमा करीब रु ६० लाख, पर्टेवामा करीब रु तीन करोड १५ लाखको लागतमा तटबन्ध निर्माण गरिएको बताए । अनुगमनमा जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्का, सशस्त्र प्रहरी उपरीक्षक दिनेश मल्ल, नेपाली सेनाका कर्णेल सुरेश देवकोटालगायतको सहभागिता थियो ।

# विकाश थारु खिृस्टियन समाजको नरहेको दाबी

राधेश्याम पटेल, वीरगंज, २७ असार/

पर्सा खि्रस्टियान समाजले वीरगंजमा पत्रकार सम्मेलन गरी पर्साको पटेर्वासुगौली गाउँपालिका–४ फरहदवाका विकाश राउत थारू ईसाइ समाजको व्यक्ति नभएको स्पष्ट पारेको छ ।

नेपाल पत्रकार महासङ्घ, पर्सामा आयोजित पत्रकार सम्मेलनमा समाजका अध्यक्ष बाबुराम क्षत्रीले यस्तो बताएका हुन् ।

पर्सामा २०६४ सालदेखि पर्सा खि्रस्टियन समाज स्थापना भई जिल्ला प्रशासन कार्यालयमा समेत दर्ता रहेको बताउँदै थारू ईसाइ धर्मको अनुयायी भएको र पानी खुवाएर बिरामी निको पारिरहेको एवं धर्म परिवर्तन गराइरहेको खबरप्रति ध्यानाकर्षण भएको जानकारी गराउँदै ईसाइ समाज, पर्सा सो सम्बन्धमा गम्भीर भएको उनले बताए ।

उनले बाइबल बोकेर हिंड्दैमा र यिशुको नाम लिंदैमा कोही खि्रस्टियन हुन्छ भनेर भ्रममा नपर्न पत्रकार सम्मेलनमार्फत जानकारी गराए ।

त्यस्ता भ्रामक कुराबाट सबैजना सचेत रहन आवश्यक रहेको उनले बताए । उनले यहोवाका साक्षीहरू, पिता परमेश्वर, माता परमेश्वर, ईसाइ समूहलगायतले भ्रमपूर्ण कार्य गरेर ईसाइ धर्मको मानमर्दन गरेकामा त्यसतर्फ ईसाइ धर्मावलम्बीलाई नजोडेर हेर्न अनुरोध गरे ।

विकाश थारूको बारेमा जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीलाई समेत जानकारी गराइसकेको उनले बताए ।

समाजका महासचिव रामप्रसाद घिमिरेको सहजीकरणमा भएको पत्रकार सम्मेलनमा पर्सामा २०६४ सालमा १७ वटा चर्च रहेकामा अहिले पर्सा समाजसँग आबद्ध २४ वटा र आबद्ध नभएका पाँचवटा गरी कुल २९ वटा चर्च रहेको बताए । पर्सा जिल्लामा ईसाइ धर्मावलम्बीको सङ्ख्या हाल एक हजार ७०० पुगेको पनि उनले बताए ।

# सालको काठ बरामद, तस्कर फरार


तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, २७ असार/

सबडिभिजन वन कार्यालय, सबैया तथा सबैया साझेदारी वन कार्यालयको संयुक्त गस्ती टोलीले वीरगंज महानगरपालिका–३१ मिलनचोकबाट पाँचवटा साइकलमा लोड गरिएको पाँच थान सालको गोलिया बरामद गरेको छ ।

गस्ती टोलीलाई देखेपछि तस्करहरूले साइकल र गोलिया छाडेर भागेको साझेदारीका अध्यक्ष लखनलाल साहले बताए । बरामद गोलिया २५ क्युफिट रहेको र कारबाईको लागि सबडिभिजन वन कार्यालयमा राखिएको साहले बताए ।

वर्षात्को मौसममा काठ तस्करहरू सक्रिय हुने गरेको अध्यक्ष साहले बताए । काठ तस्करी रोक्न साझेदारी र वन कर्मचारीले पनि गस्तीलाई निरन्तरता दिएको उनले बताए ।




## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न ...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड